Jana Aakash National Weekly
जन आकाश
राष्ट्रिय साप्ताहिक
वर्ष-१३ , अंक- २१, २०७७ साल पौष १४ गते मंगलबार (Dec 29, 2020) www.janaakash.com.np मूल्य रु १०।-

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित
www.janaakash.com.np
अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)
मोबाइल: ९८६१५८८४५६
Email: jana.news2065@gmail.com

# काठमाडौंमा ठुल-ठुला जुलुस गाउँ गाउँमा बारी बाजै

- राजनीतिक अस्थिरताको फाईदा उठाउन खोज्दै बिदेशीहरु ।
- अमेरिका एमसिसि पास गर्न दवाव दिदै ।
- चीन र भारतको चासो बढ्दो ।

मोहन कार्की

काठमाडौं । नेपालमा राजनीतिक अस्थिरताको बिउ रोपेको २००७ साललाई मानिन्छ । त्यसपछि म की, ‘त बन्ने नेतृत्व भन्ने स्वार्थमा नेपालका राजनीतिक पार्टी भन्नेका नेताहरु लाग्ने र त्यसैमा बिदेशी शक्तिले खेल्ने चलन त्यतिवेला देखि नै अभ्यासको रुपमा आएको देखिन्छ । त्यो चलन अहिलेसम्म कायम छ । काम गरेर खानुपर्छ मानो पाथी फलाउनुपर्छ । दुःख सुखमा मिलेर बाडिचुढी खानुपर्छ । राष्ट्रिय रुपमा अपत बिपत पर्दा एक भएर राष्ट्रको पक्षमा उभिनुपर्छ । नालापानी युद्ध लडेका साहासी नेपाली र स्वभिमानमा उभिने कर्मशील नेपालीहरुको बानीलाई बिस्तारै बिदेशी शक्ति जो नेपाललाई दिर्घकालसम्म बिकास नगरोस भन्ने चाहान्छ । तिनिहरुको योजनमा राजनीतिक पार्टीमा आबद्ध कार्यकर्तालाई आईएनजिओ, एनजियो खडा गरेर सवैलाई आकाशको खेतीको सपना देखाएर थुप्रै नेपलीहरुलाई अल्मलाउने र राजनीतिक अधिकारको, जातिय अधिकारको, भाषाको अधिकारको कुरा छरिदिएर मानो रोपेर



मुरी फलाउने खेत छोड्दै चौबिसै घण्डा अधिकारको नाममा गफ गरेर बस्ने तर जो दिर्घकालीन आम्दानी दिईरहने खेत, बारी, बाजो राखेर शहरमा बसाई सराई गदै दक्ष जनशक्ति शहरमा थुपार्ने शहरमा महगी अस्त ब्यस्त बनाई सधै अपराधको शहर जस्तो र एकछाक खानाका निम्ति पनि पार्टीको झण्डा बोकेर जुलुसमा हिड्ने बनाउने र सधै राजनीति नामवाट अस्थिरता बनाई राख्ने र चरम रुपमा आर्थिक अभाव, शहरमा समेत गुजारा चल्न नसक्ने भएपछि बिदेश कामगर्न जानुपर्ने बाध्यता राजनीतिक अस्थिताको कारण भएको हो । त्यही कारणले नेपालीहरु बिदेशमा झण्डै ५० लाँखको हाराहारीमा काम गरिरहेका छन् । गाउमा स-सना नानी बाबुहरु र ज्येष्ठ नागरिकहरु मात्र रहेका छन् । गाउँ नै गाउँले भरिएको नेपालमा गाउँमा सक्रिय क्रियाशिल जनशक्ति नहुदा गाउँ गाउँका उब्जनी हुने खेत, बारीहरु बाजो भएका हुन् । नेपालमा राणाकालीन राज्य ब्यवस्थामा खुलेका उद्योग कलकारखाना बहुदल आएपछि नै बन्द गरिएका हुन् । महेन्द्रकालमा खुलेका उधोग कलकारखाना पनि बहुदलकालमा नै बन्द गरिएका हुन् । नेपालको सवैभन्दा जेठो उद्योग बिराटनगर जुटमिल गणतन्त्र आएपछि बन्द भएको छ । परिवर्तनको नाममा २००७ मा आएको प्रजातन्त्रिक व्यवस्थाले नै कोशी, गण्डकी, राप्ती नदीहरुको स्वामित्व नेपालको अधिकारवाट खोसिएका छन् । ति नेपालको खोसिएका अधिकारहरु पुनः नेपालस्थिर शासनमा गयो । नेपालको नेपालमा भएका स्रोत साधन सम्भावना बोकेका क्षेत्रलाई पहिचान गरेर छिटो बिकास गऱ्यो भने नेपाल पनि बिकसित र देश सानो भएपनि कोरिया, इजऱ्याल जस्तो शक्तिसाली हुनसक्छ भन्ने बुझेर नै नेपालको अधिकार जलस्रोतको अधिकार खोसेको, भुमिमाथि हैकम जमाईराखेको पक्षले नेपलमा अधिकारको कागजको खोस्टा बनाएर नेपालीले बाँकी ८ पृष्ठमा

# भ्रष्टाचार अन्त्यका लागि ताजा जनादेश उपयुक्त :थापा

वीरगञ्ज । राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष कमल थापाले मुलुकले भोग्नु परेको संकट अनि व्याप्त कुशासन र भ्रष्टाचारको अन्त्यका लागि ताजा जनादेशमा जानु उपयुक्त विकल्प र अवसर भएको बताएका छन् ।

पर्साको वीरगन्जमा आयोजित विरोध प्रदर्शनपछिको सभालाई सम्बोधन गर्दै थापाले अदालतमा भएको विषयमा धेरै चर्चा गर्नु सान्दर्भिक नहुने भन्दै सरकारले काम गर्न नसकेको, कुर्सी, सत्ता र भ्रष्टाचारको भागबन्डाका कारण देश र जनताले संकट भोग्नु परिरहेको बताए ।



प्रचण्ड र ओलीको झगडा जनता र देश हितका लागि नभई भागबन्डा र स्वार्थमा केन्द्रित भएको बताए । नेकपाभित्रको अन्तर्विरोध र कलहको बोझले देशलाई दुर्घटनाउन्मुख बनाएको थापाको टिप्पणी थियो । व्यक्ति परिवर्तनले समस्या समाधान नहुने भन्दै थापाले गलत नीति र बाटोमै परिवर्तन गर्नुपर्नेमा जोड दिए । आफू राप्रपालाई सहयोग गर्नुस् भन्न आएको भन्दै थापाले भने, “हामी आफैं देश बनाउन सक्छौं, राप्रपालाई विश्वास गर्नुस् हिन्दुराष्ट्र दिन्छौं, राजसंस्था दिन्छौं । विकास र समृद्धि दिन्छौं ।“ थापाले निरंकुश राजतन्त्र खोजेको नभई राजादेखि विप्लव, काङ्ग्रेस, कम्युनिस्ट, मधेसवादी सबै अट्ने व्यवस्था राप्रपाको चाहना भएको विचार व्यक्त गरे । कार्यक्रममा पार्टीका वरिष्ठ नेता राजीव पराजुलीले मधेस र मधेसी बाँकी ८ पृष्ठमा

# कांग्रेस पनि मध्यावधि चुनावको पक्षमा

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभालाई बिघटनको अवस्थामा पुर्याइएको छ । यसको धेरैले विरोध गरिरहेका छन् तर कतिपयले समर्थन या विरोध गरेजस्तो मात्र गर्ने सम्मको गतिविधि गरेका छन् । नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले ओलीको प्रतिनिधिसभा बिघटनको कदमलाई असंवैधानिक भनी विरोध गरेपनि मध्यावधि चुनाव घोषणाको विरोध गरेका छैनन् ।

देउवा निकटस्थ नेताहरु विमलेन्द्र निधि, एनपी साउद, डा. नारायण खड्कालगायतले आन्दोलनमा भन्दा चुनावको तयारीमा जानुपर्ने बताउँदै आएका छन् । देउवा पक्षका हस्तीहरुको यो तर्कले काँग्रेसको संस्थापन पक्ष अहिलेको संकटलाई अवसरमा परिणत गर्न चाहन्छ भन्ने बुझ्न सकिन्छ ।

नेकपा विभाजित अवस्थामा भएकोले काँग्रेसभित्र चुनाव आफ्नो पक्षमा जाने तर्क गर्नेहरु छन् । जसमध्ये संस्थापन पक्षकै नेताहरु छन् । देउवाले ज्योतिषबाट छ पटक प्रधानमन्त्री बन्ने योग रहेको सुनेका छन् । उनी फेरि प्रधानमन्त्री बन्नेमा धेरै आशावादी छन् ।

काँग्रेस मध्यावधि चुनावमा केन्द्रित भएमा महाधिवेशन सार्न पनि देउवालाई सजिलो हुनसक्छ । आवधिक भन्दा एक वर्ष पछाडि धकेलिएको काँग्रेस महाधिवेशन भइहालेमा देउवालाई ठुलो चुनौती हुनसक्छ । वैशाखमा मध्यावधि भएमा देउवालाई टिकट बाँड्न पाइने र महाधिवेशन पनि सार्न पाइने दोहोरो



फाइदा हुनसक्छ । त्यसैले मध्यावधि चुनाव घोषणालाई देउवाले अस्त्रका रुपमा प्रयोग गर्न खोजेका छन् ।

प्रतिनिधिसभा बिघटनको अवस्था बनाउँदा प्रधानमन्त्री ओलीलाई देउवाले भित्री रुपमा साथ दिएको चर्चा चलिरहेको छ । संवैधानिक परिषदको नियुक्तिहरुमा देउवाले चाहेका मान्छेहरुको नाम सिफारिश भएकाले आशंकालाई बल पुगेको हो । त्यसमाथि देउवा निकटस्थहरु आन्दोलनमा नगई चुनावी तयारीमा जानुपर्छ भन्न थालेका छन् ।

ओलीले सत्ता संकट टार्न चालेको प्रतिनिधिसभा बिघटनको कदममा देउवा पनि भित्री रुपमा मिलेको विषय उठ्नुमा ज्योतिषको भविष्यवाणी र पुनः प्रधानमन्त्री बन्ने आशा पनि एउटा कारण हो । मध्यावधि चुनाव भएमा नेकपा फुटको फाइदा लिन सक्ने देउवा पक्षको ठम्याई भएपनि चतुर राजनीतिक बाँकी ८ पृष्ठमा

# तत्काल चुनावी सरकार गठनको माग

काडमाडौं । बहुल राष्ट्रिय मञ्चले प्रधानमन्त्री केपी शर्मा ओलीलाई चुनाव गर्नका लागि तत्काल सत्ता सुम्पन माग गरेको छ । मञ्चले आज रिपोर्टर्स क्लब नेपालमा पत्रकार सम्मेलन गरी राष्ट्रलाई सुव्यवस्थित बनाउन मध्यावधी चुनावी सरकार गठनको मार्ग प्रशस्त गर्न प्रधानमन्त्री ओलीलाई आग्रह समेत गरेको छ ।

बहुल राष्ट्रिय मञ्चका अध्यक्ष राम मगरले बहुमतको सरकार असफल भइसकेकाले चुनावका लागि नयाँ सरकार गठन अनिवार्य भएको बताए । उनले देश अभिभावक बिहिन भएको समेत आरोप लगाए । अब चुनाव गर्नका लागि प्रधानमन्त्री ओलीले सत्ता सुम्पनुपर्ने बताए । मगरले आफूहरुलाई सत्ता सुम्पिएमा चुनाव निष्पक्ष, स्वतन्त्र र धाँधलीरहित तरिकाले गरेर देखाइदिने दाबी गरे । मगरले भने, ‘जनतालाई निश्पक्ष रुपले न्याय दिनेछौ ।

कार्यक्रममा मञ्चका सदस्य सचीव तेन्धङ मिभक लिम्बुले दुईतिहाइको सरकार असफल प्रमाणित भएको बताए । सरकारले तत्काल सत्ता नसुम्पिए उखेलेर फाल्ने चेतावनी दिए ।




उनले भने, ‘केही दिनमा नै सिंहदरबार उखेलेर फाल्ने छौ ।’ एकात्मक राज्यसत्ताले निर्माण गरेको जातिय बर्गिय क्षेत्रीय लैगिक तथा धार्मिक रुपमा बिभेदपुर्ण व्यबस्थाले गर्दा नै देशको शासन व्यबस्था चल्न नसकेको लिम्बुले जिकिर गरे । बहुल राष्ट्रिय मञ्चका नेता राजेश बटालाले कुर्सिका कारण आज देश खाल्डोमा पुगेको बताए । ‘अब देश रहला नरहला भन्ने स्थिति आएको छ,’ उनले भने । उनले अहिलेको सरकारबाट चुनाव हुन नसक्ने ठोकुवा गरे । चुनावका नाममा आफ्ना नातागोता र पद कुर्सी सुरक्षित गर्न खोजेको आरोप बाँकी ८ पृष्ठमा

# डा खेम कार्कीले दिए राजीनामा

काठमाडौं । तत्कालीन स्वास्थ्यमन्त्री भानुभक्त ढकालका विज्ञ सल्लाहकार रहेका डा खेमबहादुर कार्कीले पदबाट राजीनामा दिएका छन् ।

जिम्मेवारी हेरफेरका क्रममा मन्त्री ढकाल संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालयमा पुगेपछि उनका स्वास्थ्यविज्ञ सल्लाहकार रहेका डा कार्कीले राजीनामा दिएका हुन् ।

मन्त्रालय स्रोतको अनुसार आइतबार उनले स्वास्थ्य मन्त्रालयमा राजिनामा बुझाएका छन् ।

गत ९ चैतमा बसेको मन्त्रिपरिषद बैठकले उनलाई तत्कालीन स्वास्थ्यमन्त्री भानुभक्त ढकालको विज्ञ सल्लाहकारको रुपमा नियुक्त गरेको थियो । त्यसको ठ्याक्कै ९ महिनापछि स्वास्थ्यमन्त्री रहेका ढकालको मन्त्रालय परिवर्तन भयो । मन्त्रिपरिषद्को बैठकले नियुक्ति गरेका उनको राजीनामा स्वीकृत पनि मन्त्रिपरिषदले नै गर्छ । त्यसको लागि मन्त्रालयले मन्त्रिपरिषदम राजीनमा स्वीकृतको लागि पठाउनुपर्ने हुन्छ ।

# असन्तुष्ट राइडरले गरे पठाओको कार्यालयमा तोडफोड

काठमाडौं । राइड सेयरिङ एप पठाओका असन्तुष्ट चालकहरूले कम्पनीको कार्यालयमा तोडफोड गरेका छन् । आफूले अघि सारेको विभिन्न मागहरु पुरा नभएको भन्दै कार्यालय घेराउ गर्न गएका चालकहरुले कार्यालय तोडफोड गरेका हुन् ।

उनीहरु कमिसन घटाउन माग गर्दै अघिल्लो सोमबार कम्पनीलाई ज्ञापनपत्र दिएका थिए । अधिकतम् ८ प्रतिशत मात्रै कमिसन लिन उनीहरुले कम्पनीलाई दबाव दिँदै आएका छन् । अहिले कम्पनीले यात्रुले तिर्ने भाडाबाट २० प्रतिशत कमिसन राख्ने गरेको छ । उनीहरुको मागपछि कम्पनीले राइडर र यात्रुको १ लाखसम्मको उपचार बिमा र मृत्यु भएका ५ लखाखको दुर्घटना बिमा पनि गर्ने घोषणा गरिसकेको छ । तर, कमिसन घटाउने लगायतका मागमा कम्पनी सहमत भएको छैन ।

पठाओले विभिन्न ११ बुँदाको मागमध्ये कतिपय माग पुरा गर्न नसक्ने बताएपछि कम्पनीमा केही राइडर वार्ताका लागि पुगेका थिए । त्यही समयमा बाहिरबाट केही व्यक्तिले कम्पनी रहेको भवनको झ्यालको सिसा फुटाएको बानेश्वर प्रहरीका प्रहरी नायब उपरीक्षक दक्षबहादुर बस्नेतले बताए । त्यहाँ रहेका २६ जनालाई नियन्त्रणमा लिएर संलग्नहरुको स्क्रिनिङ भइरहेको उनले बताए । राइडरहरुले कारवाही स्वरुप निलम्बन गर्दा पहिल्यै जानकारी दिइनुपर्ने, बाँकी ८ पृष्ठमा

'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

### नेकपा भित्रको रस्साकस्सी फाईदा कसलाई ?

नेपाल सरकारको नेतृत्व गरिरहेको पार्टी पक्ति दुई फ्याक भएको छ । एउटा माधव समुह अर्को केपी समुह पार्टी दुई समुह भएको छ । यतिवेला पार्टीको नेतृत्व कसले गर्ने नेकपाको आधिकारिक अध्यक्षको भन्ने बिषयमा निक्कै चर्चा भईरहेका छन् त्यसको छिनोफानो गर्न बाकी छ । उक्त मुद्दा निर्वाचन आयोगमा बिचाराधिन रहेको छ । निर्वाचन आयोगले छिनोफानो जे गरेपनि पार्टी दुईवटा हुने भएका छन् । भावनात्मक रुपमा फुटिसकेका छन् ।

यो प्रकृतिको घटनाले देशका जनता भने निराशा देखिन्छ । नेपाल अल्पबिकसित मुलुक त्यसमाथि पनि भुपरिबेष्ठित मुलुक त्यति मात्र नभएर हरेक चीज बस्तु आयतित गरेर खाने मुलुक आफ्नो उत्पादन केही नगर्ने सवै आयतीत बस्तु प्रयोग गरेर रमाउने मुलुक यही मुलुकमा अनेक खालका राजनीतिक बितण्डा, राजनीतिक हिंसा जस्ता थुप्रै आताङ ब्यहोरेको मुलुकले केही बर्ष अगाडीवाट मात्रै अलि अलि शान्तिको सास फर्न के पाएको थियो ।

अलि अलि बनिबुथो गर्ने र घर गर्जो टार्ने वातावरण बन्दै गरेको थियो । यो समयमा सरकारमा रहेको पार्टीले झनै जनताको मनोवललाई उच्च बनाउने खालका कार्यक्रम दिनुपर्ने वेलामा भागबण्डामा नमिलेको के जाति भनेको जस्तै गरेर जग हसाउने काम भएको छ । देशमा १० बर्षे युद्धले मनोवल गिरेका नेपालीहरुलाई पुनः निराशा तर्फ उन्मुख गराएको छ । यो घटनाले मुलुक र नागरिकको हितमा काम गरेको छैन । चाहे त्यो सरकारको नेतृत्व गरेको ओली पक्ष होस् वा त्याहावाट अलग भएको माधव समुह किन नहोस् यि दुवै समुहको नीजि स्वार्थले देशलाई नोक्सान तिर लगिरहेको छ ।

उनिहरुको नेपाली जनतालाई खुसी बनाउने भन्दा पनि ध्यान अन्तै कतै भएको हुनुपर्छ । त्यसो नहुदो हो त एउटै पार्टीमा झण्डै आधा सतक बसेका नेताहरु एकाएक किन बिभाजनको बाटोमा गए ? प्रश्न उठ्नु स्वभाविक हो । यसले नेपाललाई फाईदा पुऱ्याउदैन । बरु अन्य कसैलाई भने फाईदा पुऱ्याउछ । नेपालमा नेपालीलाई फाईदा पुऱ्याउने कुनै नेतृत्व अहिलेसम्म आएको छैन ।

आउने बिश्वास गरेका जनता पनि अहिले पार्टीहरुको बिभाजन जतिखेर पनि आन्दोलन बिरोध मात्र गरेर बस्ने, चौबिसै घण्टा भाषण गर्न सक्ने तर सिन्को नभाच्ने राजनीतिक पार्टीहरुका नेता कार्यकर्ताहरुलाई सान सौकत चाहिने मिहेनत गर्नु नपर्ने पार्टीको नेताका गई लाइन मिलाएर दुरुपयोग गर्न सक्ने जति सवैं प्रयोग गर्ने गरेर गलत प्रथा दलीय प्रथामा लगेकै कारण देशले उन्नति गर्न सकेको थिएन । बिश्वास गर्ने आधार गुमाएका छन् ।

नेपालले गर्नुपर्ने महत्वपुर्ण कामहरु जस्तै ठुला उधोग, कलकारखाना, ठुला सडकहरु, जलबिधुत आयोजनाहरु बनाउनु पर्ने थियो । त्यो काम गर्न नेपालमा सधै अस्थिरता बनाएर गर्न दिईएन । सकेन । त्यसको फाईदा अहिले अरुले नै लिईरहेका छन् । त्यस्तै फाईदा अरुले लिनको लागि फालिएको पासोमा अहिलेका नेताहरु लागेको जनताले आशंका गर्न थालेका छन् । भलै त्यो सत्य नहोस् ।

# किन फुट्यो दोहोरो नेकपा जुट्न नभ्याउँदै ?

ध्रुवराज अधिकारी

करिब तीन वर्ष पहिले एकता प्रक्रिया थालेको नेपाल कम्युनिष्ट पार्टी (दोहोरो नेकपा) उक्त प्रक्रिया नटुङ्गिँदै फुटेको छ । तर, फुटको भावनात्मक उछालको यो परिवेशमा उक्त पार्टीका नेताकार्यकर्ता र राजनीतिक टिप्पणीकारहरु एक वा अर्को कित्तामा उभिँदा नेकपाको एकता प्रक्रिया किन सफल हुन सकेन भन्नेबारे पर्याप्त बहस हुन सकेको छैन ।

त्यस्तो बहस फुटका तात्कालिक वा निमित्त कारणमा होइन राजनीतिक पार्टीहरु कसरी निर्माण हुन्छन् र नेपालका ठूला राजनीतिक दल कसरी निर्माण भएका हुन् र तिनको एकताको जग कसरी भत्किन्छ त्यसमा केन्द्रीत हुन जरूरी छ ।

लेनदेन बाँकी नै रहेका काररण नेताहरु वामदेव गौतम र रामबहादुर थापाले कित्ता प्रष्ट्याइसकेको नभएपनि दोहोरो नेकपा दुई फयाक भने भइसकेको छ । दोहोरो नेकपाको पार्टी एकीकरण पूरा हुन नभ्याउँदै भएको फुटको सन्दर्भमा मात्रै होइन, पूर्वमाओवादी प्रधानमन्त्री बाबुराम भट्टराईको गएका तीन वर्षमा तीन आबद्धता परिवर्तन र अन्य सिकारू राजनीतिज्ञका वैकल्पिक शक्ति निर्माणका प्रयाससँगै देखिएका फुट र मिलनका श्रृंखलाका सन्दर्भमा पनि यस्तो बहस जरूरी देखिन्छ ।

राजनीतिक दल निर्माणका ऐतिहासिक आधार

नेपाली काङ्ग्रेस, तत्कालीन नेकपा एमाले र नेकपा (माओवादी) लामो इतिहास र वैचारिक पृष्ठभूमि बोकेका दल हुन् । यी तीनमध्ये नेपाली काङ्ग्रेस र तत्कालीन माओवादीको इतिहास बढी उथलपुथल र रक्तपातले भरिएको छ । तत्कालीन एमालेको उदयसापेक्ष रूपमा कम उथलपुथल र रक्तपातको सामना गरेर भएको थियो ।

इतिहासमा खासै पिँध नभएको तत्कालीन एमालेले नेपाली समाजको मौकापरस्त तप्काको प्रतिनिधित्व गर्दै आएको थियो । तत्कालीन एमालेलाई विगतमा राजाको र एक दशकयता चीनको विशेष आडभरोसा प्राप्त भएको कुरा इतिहासमा छिपेको छैन ।

नेपाली काङ्ग्रेसको जग २००७ सालको क्रान्ति हो । संयुक्त जनआन्दोलनमार्फत २०४६ मा भएको बहुदलीय व्यवस्थाको पुनः स्थापनाको नेतृत्व पनि नेपाली काङ्ग्रेसले नै गरेको हो । झापाबाट २०२९ सालमा सुरू भएको व्यक्तिहत्याको राजनीतिको पृष्ठभूमि भएको एमालेको ०४६ सालको जनआन्दोलनमा सहयोगी भूमिका थियो। ०४७ सालमा राजाले जारी गरेको संविधानलाई तत्कालीन एमालेले आलोचनात्मक समर्थन गरेको थियो ।

माओवादीको उदय भने ०४७ सालको संविधानको पूर्ण खारेजीको मागबाट भएको थियो । वैचारिक समुदायका रूपमा ०४७ सालपछि नेपाली काङ्ग्रेस उदारवादी प्रजातन्त्रको हिमायती र ०४७ सालको संविधानको पूर्ण समर्थक थियो । तत्कालीन एमालेले मदन भण्डारीको बहुदलीय जनवादलाई कार्यक्रम बनाएको थियो । माओवादी भनेचिनियाँ सर्वोच्च नेता माओत्से तुङका दीर्घकालीन जनयुद्ध र जनवादी क्रान्तिका कार्यक्रम मान्ने राजनीतिक ठालुहरूको नेतृत्वमा बनेका राजनीतिक एवम् वैचारिक समुदाय थियो ।

राजनीतिक दल वैचारिक समुदायमात्र होइन, भावनात्मक समुदाय पनि हुन् । नेपाली काङ्ग्रेस १०४ वर्षे जहानियाँ राणा शासनदेखि ०४६ सालको प्रजातन्त्र पुनः स्थापनासम्मको इतिहासप्रति विशेष भावनात्मक साइनो राख्छ । ती आन्दोलनका शहीद र प्रजातन्त्र सेनानीप्रति काङ्ग्रेसको सङ्गठनमा अझै पनि सम्मानभाव छ ।

एमालेमा पञ्चायत कालमा जेलनेल भोगेकाहरु नेतृत्वको उच्च तहमा पुगेका छन् । एमालेले झापा आन्दोलनको हिंसात्मक विरासतलाई परित्याग गरे पनि त्यसका शहीदलाई भने सम्मान गर्छ । पहिलोपटक प्रधानमन्त्री हुँदा केपी ओलीले झापा विद्रोहका शहीदलाई राष्ट्रिय शहीद घोषणा गरेका थिए ।

दोहोरो नेकपाका अध्यक्ष प्रचण्ड र जनता समाजवादी पार्टीका अध्यक्ष बाबुराम भट्टराईले जेजति शक्ति लिएर आज फेरि एक पटक प्रधानमन्त्रीको पद हासिल गर्न देशभित्र र बाहिरका विभिन्न शक्तिसित लेनदेन गर्दै आएका छन् त्यो शक्ति जनयुद्धको जगमा प्राप्त भएको हो । झापा आन्दोलन व्यक्ति हत्यामै सीमित रहे पनि त्यसको छुटेको कडीलाई जोडेर निरन्तरता दिएका प्रचण्ड र भट्टराईले जनयुद्धलाई लोकतान्त्रिक गणतन्त्र स्थापनाको आन्दोलनमा रूपान्तरण गरेर आधुनिक विश्व इतिहासमा बिरलाकोटीको अभिलेख दर्ता गराएका थिए ।

प्रचण्ड र बाबुरामले दस्तावेजीकरण नै गरेर 'जालीफटाहा'को सफायाको नाममा नीतिगत रूपमा गराएका व्यक्ति हत्याको नीतिलाई आमनेपालीले अझसम्म स्वीकार गरेका छैनन् । तर, त्यो बाहेक जनयुद्धलाई आम नेपालीले वैधानिकता दिइसकेका छन्, धर्मनिरपेक्षता, सङ्घीयता र गणतन्त्रलाई अनुमोदन गरेर ।

जनयुद्धका क्रममा राज्यको तर्फबाट बाह्य हजारभन्दा बढीको हत्या भएको थियो भने हजारौं नागरिकहरूलाई उनीहरूले नै निर्वाचित गरेको संसदीय सरकारले र पछि संसदवादीलाई अपदस्थ पारिसकेपछि राजाको निरंकुश सरकारले बेपत्ता पारेका थिए ।

हजारौंले राज्यका यातना गृहहरूमा वैचारिक आस्थाकै आधारमा अमानुषिक र बर्बर यातना भोग्नुपरेको थियो । माओवादी आन्दोलनका नेता लाखापाखा लागे पनि शहीद परिवार, बेपत्ताका परिवार र जनयुद्धमा भूमिगत भएर दुःख पाएका र राज्यको जेलनेल भोगेकाहरु भावनात्मक समुदायको रूपमा रहेका छन् ।

पूर्वमाओवादीलाई घोचपेच गर्दा उनीहरूको भावनामा ठेस पुग्छ र उनीहरु प्रचण्डदेखि आजित भइसकेको भए पनि हिजोका नेताको हैसियतले उनै वरिपरि गोलबद्ध हुनपुग्छन् भन्ने कुरा केपी ओली र उनका सल्लाहकारले बुझ्न चाहेको देखिएन । बरु पूर्व माओवादीलाई हतोत्साही बनाएर आत्मसमर्पण गराउन खोजेको देखियो ।

वैचारिक र भावनात्मक जग विनाको एकता

तीन वर्ष पहिले वैचारिक र भावनात्मक एकताको कुनै जग नै नहाली सत्ताको कुर्सीलाई केन्द्रमा राखेर अध्यक्षद्वय ओली र प्रचण्ड बीचको बन्दकोठाको मोलतोल, राजनीतिक शक्ति र मुद्दाहरूको क्रयविक्रयबाट भएको एकतालाई दुई पार्टीको आमपक्तिले दुई अध्यक्षका बाहुबाट भागसान्ती पाइएला भन्ने आशाले अनुमोदन गरेको थियो ।

दस्तावेजमा जे लेखिएको भएपनि जनयुद्धको वैधानिकता पूर्व एमालेका कुनै पनि समूहले स्वीकार गरेका थिएनन् । जनयुद्धका शहीद र विविध दिवस जसले पूर्व माओवादी पक्तिका लागि विशेष भावनात्मक महत्व राख्छन् तिनमा पूर्व एमालेका मूल नेताले सहभागी हुन अस्वीकार गरे । ओली पक्षले प्रचण्डलाई 'प्रचण्ड' पुकार्नसमेत बेलाबेलामा अस्वीकार गरेर पुष्पकमल भनेर सम्बोधन गर्न चाह्यो ।

पूर्वएमाले यसबीच आफनो वैचारिक आधारहरूबाट यताउता भएन । तर, यसबीच प्रचण्डमा चरम सिद्धान्तहीनता र सत्तालोलुपता देखियो । प्रचण्डले आफनो अध्यक्षको हैसियतलाई वैधानिकता दिनका लागि समेत बेलाबेलामा जारी गर्ने वक्तव्यहरु उनको मौकापरस्त चरित्रको ऐना बने । प्रचण्डले केपी ओलीसित भागबण्डा मिल्दा उनले आफैंले नेतृत्व गरेको जनयुद्धलाई 'सशस्त्र विद्रोह', 'सशस्त्र द्वन्द्व'जस्ता पदावलीले सम्बोधन गर्ने तर केपी ओलीसित अन्तरविरोध बढेर फेरि प्रधानमन्त्री वा एकल अध्यक्ष नपाउने भएपछि फेरि क्रान्तिकारी भाषाशैली अपनाउने गरे । बाबुरामले पनि नेपालका र भारतका सनातन ठालुहरूले आफूसित कस्तो व्यवहार गर्छन् त्यो आधारमा भाषाशैली उग्र वा तटस्थ बनाउने गरिरहे ।

यसबीच जनयुद्धका बेला उनकै आह्वानमा तत्कालीन शाही सेनाबाट विद्रोह गरेर तत्कालीन जनमुक्ति सेनामा सामेल योद्धाहरूलाई नेपाली सेनाले गिरफतार गर्दा प्रचण्डले चुँसम्म बोलेनन्। बालकृष्ण ढुंगेललाई राष्ट्रपतिले माफी दिएर मुक्त गर्दा समेत उनलाई राजनीतिमा आउन सघाउन प्रचण्ड र बाबुराम दुवैले चासो दिएनन् ।

प्रचण्डले न जनयुद्धका शहीदलाई राष्ट्रिय शहीद बनाउनुपर्छ भनेर नै केपी ओलीसित कुनै अडान लिए । अदालतमा रहेका युद्धकालीन झूठा मुद्दाहरूलाई केपीले प्रचण्ड तर्साउने हतियारको रूपमा प्रयोग गरे भने प्रचण्डले पूर्व माओवादी पक्तिलाई डर र त्रासको बन्दी बनाएर आफनो पछि लगाइरहने हतियारको रूपमा प्रयोग गरे । एकताको वैचारिक र भावनात्मक जगको सर्वथा अभाव रहेको अवस्थामा एकता गराएर केपी र प्रचण्डले पूर्वएमाले र पूर्वमाओवादीलाई आ-आफनो व्यक्तिगत, समूहगत र प्रचण्डको हकमा पारिवारिक समेत स्वार्थ सिद्धिका लागि भावनाको बन्दी बनाउन सकिने अवस्थालाई यथावत् नै राखे ।

प्रचण्ड-माधव गठबन्धन पनि उस्तै

प्रचण्ड र माधवकुमार समूहबीचको गठबन्धन पनि सैद्धान्तिक कम र परिस्थितिजन्य बढी देखिएको छ । जनयुद्धबारे उनीहरूमा मतैक्यता छैन । केपीजस्तै माधव नेपालले पनि प्रचण्डको व्यक्ति हत्यावाला नीतिगत विगतलाई प्रचण्डको शक्ति नियन्त्रण गर्ने डोरीको रूपमा प्रयोग गर्छन् कि वा प्रचण्डले त्यसबारे आत्मालोचना गर्छन् त्यो त समयले नै प्रष्ट पार्ला ।

पूर्वमाओवादीको आघातपूर्ण विगत र त्यसले वर्तमानमा उनीहरूमा पारेको मनोदशामा नुनचुक छर्कन्छन् कि मल्हम लगाउने जिम्मेरीपूर्ण भूमिका खेल्छन्, माधव समूहका पूर्व एमालेले त्यो पनि हेर्न बाँकी नै छ ।

तर हाल प्रचण्ड-माधव गठबन्धन भने मुख्य त तीन कुराले बनेको देखिन्छ । पहिलो, प्रचण्ड र माधव नेपाललाई केपी ओलीले व्यक्तिगत रूपमा गरेको अपमान र तिरस्कार ।

दोस्रो, सरकारी नियुक्तिमा प्रधानमन्त्री ओलीको एकलौटी ।

तेस्रो, फेरि प्रधानमन्त्री बन्ने प्रचण्डको लिप्सा, झलनाथ खनालको केपीले खोसेको राष्ट्रपति बन्ने रहर र माधव नेपालको एकल अध्यक्ष बन्ने चाहना । छोटकरीमा भन्दा विगतको एमाले-माओवादी केन्द्र एकता जस्तै प्रचण्ड नेपाल गठबन्धन पनि भोलिको सत्ताको आपसी भागबन्डामा आधारित छ । सत्ता प्राप्त नहुने अवस्थामा के हुने हो अहिल्यै भन्न सकिन्न ।

त्यसमाथि प्रचण्डको विगतदेखिकै चरम व्यक्तिवाद र परिवारवादलाई अब नयाँ दलमा अल्पमतमा परिसकेका पूर्व एमालेले झेल्न सक्लान् वा उनीहरु केपी ओली कित्तामा फर्कनुपर्ने अवस्था आउने हो त्यो सवाल खिलजस्तै बल्झिरहने छ आउने दिनमा ।

जो जो आज पूर्वमाओवादीबाट केपी ओली समूहमा सामेल भएका छन् तिनलाई ओलीका प्रवक्ताहरूका छुरा जस्ता मुखहरूले घायल बनाइरहने छन् । कि त ओली समूहले जनयुद्धको पुनः मूल्यांकन गर्नुपर्ने छ, वा ओली समूहमा गएका माओवादीहरुले इतिहासप्रति पश्चाताप गर्नुपर्ने छ । होइन भने त्यहाँ बसेका पूर्व माओवादीको आत्मसम्मानको दिनदिनै चीरहरण हुनेछ । यही अवस्था रहे अन्ततः उनीहरु कि राजनीतिबाट बाहिरिनुपर्ने छ, होइन भने कुनै पूर्वमाओवादी समूहमा फर्कनुपर्ने छ ।

समग्रमा भन्नुपर्दा अहिलेको फुटबाट दोहोरो नेकपाको खराब दिन सुरू मात्रै भएको छ । नयाँ समूहमा नयाँ राजनीतिक शक्ति निर्माणका ऐतिहासिक, वैचारिक र भावनात्मक जग बसाउँदै जानुपर्ने देखिन्छ । अन्यथा यो फुट नेपालको सरकारी कम्युनिष्टहरूको विघटन र मुलुकको दीर्घकालीन अस्थिरताको शिलान्यास बन्न सक्छ ।

## अवैध लागूऔषध सहित ७ जना पक्राउ

काठमाडौं । झापा, मकवानपुर, काभ्रेपलाञ्चोक र बर्दियाका छुट्टाछुट्टै स्थानबाट अवैध लागूऔषध सहित ७ जनालाई प्रहरीले पक्राउ गरेको छ । झापा, मेचीनगर नगरपालिका ६ स्थित सडकबाट २८ ग्राम अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने मिसाइलो पदार्थ सहित सोही नगरपालिका ७ गैरीगाउँ बस्ने ३१ वर्षीया हेमा गणेशलाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय काँकरभिट्टा र लागूऔषध नियन्त्रण ब्यूरो काकरभिट्टाबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा हेमाको साथबाट उक्त पदार्थ फेला पारी पक्राउ गरेको हो । मकवानपुर, मनहरी गाउँपालिका ७ मनहरी बसपार्कबाट ५ केजी अवैध लागूऔषध गाँजा सहित कैलाश गाउँपालिका ८ साङगेटार बस्ने १८ बर्षीय किशोरलाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त गाँजा सहित फेला पारी उनलाई पक्राउ गरेको हो । यसैगरी मकवानपुर, बकैया गाउँपालिका २ धियालबाट रौतहट चन्द्रपुर नगरपालिका ३ गैटार बस्ने २८ वर्षीय पूर्ण बहादुर गोलेलाई करिब ६ केजी अवैध लागूऔषध गाँजा, १ थान खुकुरी र १ थान हँसिया सहित शुक्रबार राति प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय फापरबारीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । काभ्रेपलाञ्चोक, बनेपा नगरपालिका १४ नासिका मन्दिर अगाडिबाट करिब १ केजि अवैध लागूऔषध गाँजा सहित २ जनालाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा रोशी गाउँपालिका ८ बस्ने २२ वर्षीय दिपक तामाङ र सोही गाउँपालिका ९ बस्ने १९ वर्षीय मेगराज तामाङ रहेका छन् । प्रहरी चौकी साँगाबाट खटिएको प्रहरीले उनीहरू सवार बा.३० प ६०४२ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा उक्त गाँजा फेला पारी पक्राउ गरेको हो । बर्दिया, बढैयाताल गाउँपालिका ८ स्थित पाण्डे इँटाभट्टा नजिकबाट नियन्त्रित लागूऔषध ३ सय २० थान नाईट्राभेट सहित २ जनालाई शुक्रबार राति प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा बढैयाताल गाउँपालिका(५ बस्ने २२ वर्षीय सुदीप कुमार थारू र २५ वर्षीय कुमार थारू रहेका छन् । भारतबाट नेपालतर्फ आउँदै गरेका उनीहरूलाई ईलाका प्रहरी कार्यालय मैनापोखरबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

# नेपालका कम्युनिस्ट पार्टीको भविष्य

***पुष्पकमल सुवेदी***

संयुक्त जनआन्दोलनका चिन्तक पुष्पलाल नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले राजतन्त्र विरूद्धको आन्दोलन भारतको भूमि प्रयोग गरेर 'भारतीय एकाधिकार पुँजीवाद'को सैद्धान्तिक विरोध नरमरूपमा गरेको दस्तावेजहरूबाट देखिन्छ । तर, अन्य नेपालका कम्युनिस्ट पार्टीहरूले नेपालमा राजतन्त्र अस्तित्वमा हुँदा राजतन्त्र, नेपाली कांग्रेस तथा भारतको उग्र विरोधको नाममा संगठन विस्तार गरेका हुन् । समग्रमा नियाल्दा दरबारप्रति सकारात्मक रहने डा. केशरजंग रायमाझीलगायत विष्णुबहादुर मानन्धर र कृष्णराज वर्माले भारतमा निर्वासन हुनु खासै परेन ।

एक आपसमा दरबारपन्थी र कांग्रेसको पुच्छरको लाञ्छना लगाउने नेपालका कम्युनिस्टहरू २०४६ सालमा बहुदल पुनःस्थापना हुनुअगाडि भारतको चर्को विरोध गर्ने पुराना माले र मसाले कम्युनिस्ट नेताहरूले भारतमा निर्वासित भई नेपालमा भारत विस्तारवादी हो भनेर आन्दोलन गराएको इतिहास साक्षी छ । भारतको लोकतन्त्रसँग नजिक रहेका बीपी र उनले नेतृत्व गरेको नेपाली कांग्रेसलाई भन्दा भारतको चर्को विरोध गर्ने कम्युनिस्ट पार्टीहरूलाई किन भारतले सहयोग गरिराखेको छ भन्ने प्रश्न अवश्य पनि उब्जन्छ ।

भारतविरूद्धमा बोल्ने कम्युनिस्ट पार्टीहरूलाई भारतले आफ्नो जमिन प्रयोग गर्न दिएको पछिल्लो उदाहरण नेपालमा हिंसात्मक आन्दोलन गर्ने पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको माओवादी विद्रोह पनि भारतकै सहयोगमा उत्कर्षमा पुग्नु हो । यही क्रममा भारतमै भएको बाह्र बुँदे सहमतिमार्फत माओवादीलाई राष्ट्रिय राजनीतिमा स्थान दिने वातावरण सिर्जना गरिएको थियो । इतिहास दोहोरिने हो भने अब नेत्रबहादुर चन्द 'विप्लव' नेतृत्वको माओवादीलाई भारतले कस्तो भरथेग गरेर अस्तित्वमा ल्याउने हो भनेर हेर्न बाँकी छ । उग्रवामपन्थी झुकाव भएका कम्युनिस्टहरूलाई प्रयोग गरेर भारतले नेपालको समृद्धि र विकासमा बाधाअडचन गराई सधैँ नेपाललाई आफनो गुलाम बनाउन चाहन्छ भन्ने धेरैको विश्वास देखिन्छ ।

नेपाली कांग्रेसको गुमेको सत्ता प्राप्त गर्ने अवसर

विसं. २०१५ सालमा सम्पन्न निर्वाचनमा बीपीको नेतृत्वमा नेपाली कांग्रेसले दुई तिहाइ बहुमत ल्याएर सरकार गठन गरेको थियो । तर, विसं २०१७ साल पौष १ गते राजा महेन्द्रले बीपीको सरकार र संसद् समेत खारेज गरे । चुनावमा ४ सिटमात्र ल्याउने कम्युनिस्ट पार्टीका नेता पुष्पलालले संसद् पुनःस्थापनाको नारा उठाएका थिए तर अरु कम्युनिस्ट नेताहरू केशरजंग रायमाझी, मनमोहन अधिकारी, तुलसीलाल अमात्य, मोहनविक्रम सिंह सबै संसद् पुनःस्थापनाविरूद्धमा थिए ।

बीपीले पुष्पलालको संसद् पुनःस्थापनाको नारा नस्वीकार्नुमा संवैधानिक अडचनका साथै बढ्दो कम्युनिस्ट गतिविधिलाई रोक्न उद्देश्य थियो भने अन्य कम्युनिस्ट नेताहरूको विरोध कांग्रेस विरूद्धमा थियो । यसले गर्दा राजा महेन्द्रको निरंकुश शासनलाई सहयोग पुगेको देखिन्छ । तर, विसं. २०५९ मा राजाले शासन लिएपछि भने पुष्पलालको संसद् पुनःस्थापनाको कार्यनीति अनुसरण गरेर गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा जनआन्दोलनको बलमा २०६२–६३ मा संवैधानिक राजाको अधिकार प्रयोग गरेर विघटित प्रतिनिधि सभा पुनःस्थापना गराई अन्ततः राजतन्त्र नै समाप्त गरियो ।

अहिले फेरि संसद् पुनःस्थापनाको राजनीतिक नाराले सडक तात्न थालेको छ । दुई तिहाइ नजिक बहुमत भएको कम्युनिस्ट पार्टीको आफनो सरकारलाई ढालेर ओली आफैँले बनाएको काम चलाउ चुनावी सरकारको नेतृत्व विस्थापित गरी पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा कम्युनिस्ट सरकारलाई संसद् पुनःस्थापनाको माध्यमबाट सत्तामा ल्याउनु नेपाली कांग्रेसको लागि आत्महत्या गरेसरह हुनेछ ।

एकातिर गिरिजाप्रसाद कोइराला नेतृत्वको कांग्रेसको सरकारलाई ७० दिनसम्म संसद् चल्न नदिने माधवकुमार नेपाल नेतृत्व एमाले थियो भने अर्कोतिर गाउँगाउँबाट दाहाल नेतृत्वको माओवादीको हिंसाले कांग्रेसका कार्यकर्ता र मतदाता विस्थापित भइरहेका थिए । अहिले दाहाल (नेपाल नेतृत्व पुनर्गठित नेकपा त्यही हो । तर, नेपाली कांग्रेसका लागि यो पार्टी नेतृत्वको सरकार गिरिजापन्थी ओली नेतृत्वको नेकपाको सरकारका तुलनामा बढी खतरनाक हुनसक्छ ।

प्रतिनिधि सभा पुनःस्थापना भएमा ओली नेतृत्व कम्युनिस्ट पार्टीको संसद् संख्या शून्य हुन सक्ने देखिन्छ । किनभने त्यस अवस्थामा पार्टी र सांसद दुवैतिर ४० प्रतिशत सदस्य संख्या पुर्याउन असम्भव देखिन्छ । ओलीको राजनीतिक अवसान हुँदा उनीसँग आबद्ध प्रायः सबै सांसद दाहालको नेतृत्वमा फर्कन सक्छन् । कोही पनि हारेका ओलीको सती जाने छैनन् ।

यस्तो अवस्थामा विभाजित दुवै पार्टीका सच्चा शुभचिन्तकले संसद् पुनःस्थापना भएपश्चात दाहाल नेतृत्वमा पार्टी एकीकृत गरी डेढ वर्षपछि हुने संघीय चुनावमा संभावित नेपाली कांग्रेसको बहुमतलाई रोक्नेछन् । तसर्थ यो राजनीतिको जालोलाई तोड्न सके २०७८ सालको मध्यावधि निर्वाचनमार्फत नेपाली कांग्रेसले बहुमत ल्याउने अवसर पनि हो ।

भ्रष्टाचार र कुशासन नै संसद् विघटनको आधार

पंचायतकालमा राजनीतिक पार्टी प्रतिबन्धित भएकाले सबै पार्टीले विश्वविद्यालय तथा स्कुलमा हुने स्वतन्त्र विद्यार्थी संगठनको चुनावमार्फत आफना गतिविधि वैधानिकरूपमा सञ्चालन गरेको पाइन्थ्यो । विशेष गरेर विसं २०३६ सालको जनमत संग्रहको घोषणासँगै त्रिविभित्र हुने स्वतन्त्र विद्यार्थी संगठनको चुनावमा नेपाली काग्रेसको भातृसंस्था नेपाल विद्यार्थी संघ र नेकपा माले र मसाल समर्थक अखिलको वर्चस्व कायम हुँदैआएको छ ।

विद्यार्थी कल्याणको लागि उठाएको रकम निर्वाचित स्ववियु नेतृत्वले आफनो मातृ पार्टीको सहयोगको नाममा अपचलन गर्थे । त्रिविको कमजोर लेखा प्रणालीले विद्यार्थी कल्याण कोषको परीक्षणलाई नसमेट्दा निर्वाचित विद्यार्थी नेतृत्वलाई आर्थिक हिनामिना गर्न सजिलो भएको थियो । नेपालको हाल संघीय, प्रदेश र स्थानीय निकायमा नेतृत्व गर्नेहरु पनि विसं २०३६ सालपछि त्रिविभित्र गठन भएको स्ववियु नेताहरूको वर्चस्व देखिन सकिन्छ । संघीय, प्रदेश तथा स्थानीय तहमा भएको भ्रष्टाचारको आधारभूत संरचनाको माध्यम यही हो ।

विसं २०४६ सालपछि सत्ताको बागडोर समातेको नेपाली कांग्रेसको ओरालो यात्राको मूल आधार पनि भ्रष्टाचार र सेवा प्रवाहमा सुशासनको अभाव नै थियो । कम्युनिस्टहरूले पनि त्यही बाटो अँगालेको पाइन्छ । कोभिड १९ मा गरिएको भ्रष्टाचार यसको ज्वलन्त उदाहरण हो । सरकारी पदहरू सत्ताधारी नेताले पैसामा बेच्न थाले र नेतृत्वबीच सैद्धान्तिकभन्दा पनि पदमा बढी केन्द्रित हुन थाल्यो । यो नेपाली कांग्रेसका पंडितहरूलाई ज्ञान छ । नेपाली कांग्रेसको ओली सरकारविरूद्ध सडकको नारा दाहाल–नेपाल नेतृत्वलाई उचालेर थेचार्ने नीति अँगाल्दै सत्ताको बागडोर आफनो पोल्टामा पार्नु हो ।

नेपालमा कम्युनिस्ट आन्दोलनको भविष्य

नेपालमा कम्युनिस्ट आन्दोलनको अवसान तिर जाँदैछ भन्दा भन्दै पनि उग्रवामपन्थी विप्लवदेखि ओली तथा दाहाल नेपालसम्मका नेतृत्व कम्युनिस्ट आन्दोलनको विस्तारमा जोड दिइराखेका छन् । तर, पनि बहुमतको ओली नेतृत्वको कम्युनिस्ट सरकारले पार्टीको आन्तरिक विवादका कारण संसद् विघटन गरिनुले नेपालमा कम्युनिस्ट आन्दोलन ओरालो लाग्न थालेको हो ।

सत्ताधारी ओली समूह र नारायणमान बिजुच्छेबाहेक नेपालको संविधान २०७२ लाई नमानी बहिष्कार गर्ने विप्लव, वैद्यलगायत अन्य सबै कम्युनिस्ट पार्टी २०७८ को बैशाखमा हुने भनिएको संसदीय निर्वाचनको विरोधमा देखिएका छन् । हुन पनि कम्युनिस्टहरूका लागि यो चुनाव आत्मघाती 'गोल' सिद्ध हुनेछ ।

युरोपमा लगभग ७० वर्षपछि कम्युनिस्ट सरकारहरू तासको महल भत्के झैँ ढले तर नेकपाको बहुमत प्राप्त सरकार तीन वर्षमा नेतृत्व आफैँले ढाले । नेपालको कम्युनिस्ट आन्दोलन विश्व कम्युनिस्ट आन्दोलनमा आएको स्खलनबाट पाठ सिकेर अगाडि बढ्छन् र सामाजिक तथा आर्थिक विकासका पूर्वाधार निर्माण गरी केही समयमा रूपान्तरण गर्नेछ भन्ने जनचाहना कुल्चेर पार्टी फुटाएका छन् ।

संसदीय व्यवस्थालाई प्रयोग गरी केन्द्रीय सत्ताको एकलौटी नेतृत्व गर्ने मौका विशवमै नेकपाले मात्र पाएको थियो । अब यो मौका कहिल्यै नमिल्न सक्छ । किनभने, विश्वमा एक पटक केन्द्रीय सत्ताबाट बाहिरिएको कम्युनिस्ट पार्टीले नेतृत्व गरेको सरकार पुनःस्थापना हुन लगभग असम्भव छ ।

साना ठूला जुनसुकै कम्युनिस्ट पार्टीहरूको भविष्य पनि अन्ततः विसर्जनको बाटोमा जाने निश्चित छ । अर्को अर्थमा कम्युनिस्ट आन्दोलनलाई कम्तीमा ५० वर्ष पछाडि धकेलिएको अनुमान गर्न सकिन्छ ।

– बाह्रखरी

# सडकका बालबालिका पुनः सडकमै

***सीता शर्मा***

उमेर १४–१५ वर्ष बताउने अनिष र सन्तोष (उपनाम)को दिन–रात सडकमै बित्छ । सन्तोषका बाबुआमा पहिले बल्खुमा डेरामा बसेर ज्यामी काम गर्थे, अहिले पहिलेका ठाउँमा छैनन्, कहाँ गए थाहा छैन उनलाई । सुरुताका दिनभर सडकमा मागेर कमाएको साँझ बाबुलाई दिंदा त राम्रै गर्थे । सडकमा बस्ने साथीको सङ्गतमा दुईरचार दिन सडकमै बसेर कोठामा गएको त बाले खाते भन्दै कुटेर खानै नदिई कोठाबाट लखेटिए । सन्तोषलाई अहिले खाना बरु चाहिँदैन, डेन्डूाइट वा ग्लु नभई हुँदैन ।

सन्तोष र अनिषलाई प्रहरीले एकपटक कोटेश्वर र अर्कोपटक कालीमाटीबाट उद्धार गरेर संस्थाको जिम्मा लगाए तर आफूहरु पहिलोपटक एक महिनापछि, दोस्रोपटक तीनरचार दिनमै भागेर सडकमा आएको बताउँछन् । हामीलाई 'भात दालमात्रै दिएर हुन्छ ? स्मोकिङ गर्ने बानी छ, नखाई त बस्नै सकिँदैन, त्यसैले भाग्यौँ,' उनीहरु भन्छन् । हाल प्रायः कलंकी र स्वयम्भू क्षेत्रमा भेटिने यी दुवैका बाबुआमा छन्, यही सहरमा । तर पनि मायाका सट्टा हिंसा भएपछि आज यी बालक यो हालतमा पुगे ।

सन्तोष र अनिषजस्ता धेरै बालबालिका बाबुआमाको माया र हेरचाह नभएका कारण सकडमा आएर दुर्व्यसनीको सिकार भएका छन् । अर्कोतिर सरकारले सडकबाट उद्धार गरिएको भन्ने तथ्य कति आधिकारिक छ भन्ने पनि यिनीहरुको भनाइले सोच्न बाध्य बनाएको छ । एकपटक सडकबाट उद्धार गरेर संस्थामा लगेपछि ती बालबालिका संस्थामा भए वा नभएको 'फलोअफ' नहुँदाको परिणाम पनि हो यो । दुर्व्यसनीमा परेका बालबालिकालाई जबरजस्ती संस्थामा भन्दा पनि बालसुधार गृहमा राखेर विशेष निगरानीसहित मनोसामाजिक विमर्श दिन जरुरी देखिन्छ तर बालबालिकालाई सडकबाट मात्रै उठाउँदैमा समस्या समाधान होइन भन्ने यिनीहरुको भनाइ र भोगाइ काफी छ ।

नेपालको संविधान २०७२ को भाग ३ मौलिक हकअन्तर्गत धारा ३९ मा बालबालिकाको हकलाई १० वटा उपधारामा सुरक्षित गरिएको छ । जसमध्ये धारा ९ मा भनिएको छ, 'असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।' संविधानमा गरिएको यो व्यवस्थाले सन्तोष र अनिषजस्ता सडकलाई नै जीवनयापनको आधार बनाएका बालबालिकालाई गिज्याइरहेको भान हुन्छ । त्यसो त राष्ट्रिय बालअधिकार परिषद्को तथ्यांक अनुसार आर्थिक वर्ष २०७६/०७७ मा सडकबाट एक हजार ११ जना उद्धार गरिएको छ । तर, ती बालबालिका संरक्षण संस्थामा, परिवारमा वा पुनः सडकमा पुगेका छन् भन्ने कुनै तथ्य छैन ।

उद्धार गरिएका मध्ये ९०३ बालक र १०८ जना बालिका रहेका छन् । ६९७ जना का बाबुआमा दुवै जीवित छन् भने २०३ जना बालबालिकाका बाबुआमा मध्ये एकजना जीवित छन् ।

बालबालिका सडकमा आउने कारण असहाय, अनाथ, अपाङ्ग, द्वन्द्वपीडित र चरम गरिबीका कारण पेट पाल्ने अरू कुनै आधार नभेटी कोही बालबालिका आधारहीन भएर सडकमा जीवन बिताउन बाध्य छन् भने घरपरिवारको बेवास्ता, पारिवारिक विचलन र देखासिकी प्रवृत्तिले पनि कतिपय बालबालिका सडकमा आइरहेका हुन्छन् । अवैध सम्बन्धबाट जन्मेका बालबालिका र घरेलु हिंसाका कारण पनि कतिपय बालबालिका सडकमा आएर बस्न बाध्य भएका छन् । सडकमा आएर बसेका बालबालिकालाई आफनो जीवन धान्नका लागि गाह्रो पर्ने हुँदा उनी नराम्रो काम गर्न पनि बाध्य हुन्छन् । जस्तै : चोरी गर्ने, लागूपदार्थ दुर्व्यसनतर्फ लाग्नेजस्ता काम गर्ने गर्छन् । तिनको देखासिकी गरेर समाजमा रहेका अरु बालबालिकाले पनि सिक्ने सम्भावना हुन्छ । यसले गर्दा समाजमा विभिन्न किसिमका विकृतिहरु आउने सम्भावना प्रबल मात्रामा रहन्छ ।

> **बालगृहमा राखेका बालबालिकाले त उचित किसिमको शिक्षा, स्वास्थ्य, खानेकुरा, लत्ताकपडा तथा पालनपोषण पनि पाएका छन् भने कतै तिनै सडक बालबालिकाको संरक्षणका नाममा खोलिएका बालगृह र पुनःस्थापना केन्द्रहरूले बदनामी कमाइरहेको तथा सडक बाल बालिकालाई कमाइखाने भाँडो बनाएको कुरा पनि नसुनिएको होइन ।**

सडकमा आएर बसेका बालबालिकालाई उनीहरुको घरपरिवार वा नभएकालाई संस्थाको संरक्षणमा पुऱ्याउनु र उनीलाई समाजमा पुनःस्थापित गर्नु सबैको कर्तव्य हो । तर, सडकमा आएर सन्तोष र अनिषजस्तै दुर्व्यसनीमा फर्सिसकेका बालबालिकालाई केही समय विशेष मनोसामाजिक उपचारपछि मात्रै परिवार वा समाजमा पुनःस्थापना गराउन सकिन्छ । अन्यथा उद्धार गरेको भनेर सत्त्या देखाउनुबाहेक कुनै उपलब्धि हुँदैन । यसमा सरकारका जिम्मेवार निकायले ध्यान दिन जरुरी हुन्छ । त्यसो त सरकारले सडक बालबालिकाको उद्धार गर्न, सामाजिकीकरण गर्न तथा उनीलाई समाजमा पुनःस्थापित गर्न र संरक्षण गर्नका लागि भनेर सडक बालबालिका संरक्षण तथा व्यवस्थापन निर्देशिका(२०७२ कार्यान्वयनमा ल्याएको छ । निर्देशिकामा सडकबाट उद्धार गरिएका बालबालिकाको स्थितिको अध्ययन गरी सम्पर्क गृहमा तीन महिनासम्म राखेर मनोसामाजिक अवस्था, कुलत, सडक जीवनमा अपनाएको व्यवहार अनुसार मनोसामाजिक विमर्श र अन्य आवश्यक सेवाहरु प्रवाह गर्नुपर्छ । यस्तै सम्पर्क गृहबाट सिफारिस भई आएका ती बालबालिकालाई बढीमा १८ महिनासम्म सामाजिकीकरण केन्द्रमा राख्न सकिने व्यवस्था निर्देशिकाले गरेको छ । केन्द्रमा बस्नेलाई आवासीय सुविधासहित मनोविमर्श, अनौपचारिक शिक्षा र तालिम, मनोसामाजिक उपचार तथा उनीहरुको रूचि र क्षमता पहिचान गरी आवश्यक सेवा प्रदान गरी परिवार, वैकल्पिक परिवार वा संस्थागत पुनःस्थापनाका गर्न सकिने व्यवस्था छ । तर, सडक बालबालिका व्यवस्थापनका लागि कानुनी रुपमा निकै राम्रा र सराहनीय नियम बनाइए पनि ती नियमहरु कागजका पानामा मात्र सीमित भएको छ । सडक बालबालिका व्यवस्थापनका लागि केही सांकेतिक प्रयास भएकै छन् तर ती पर्याप्त छैनन् । सरकारी निकायबाट सडक बालबालिका मुक्त सडक घोषणा गर्ने काम भए । सरकारले सडक बालबालिका न्यूनीकरण गर्नका लागि काठमाडौँ उपत्यकालाई सडक बालबालिकामुक्त क्षेत्र घोषणा गरेको पनि चार वर्ष भइसकेको छ । यसका साथै विभिन्न सङ्घ संस्थाले पनि यसको रोकथामका लागि विभिन्न पहल गरिरहेको दाबी गरेका छन् । नेपालमा सडक बालबालिकालाई पुनःस्थापना गर्नका लागि बालगृह पनि सञ्चालनमा ल्याइएको छ । ती संस्थालाई उचित व्यवस्थापन गर्नका लागि आमसचेत नागरिक चनाखो हुनैपर्छ ।

बालगृहमा राखेका बालबालिकाले त उचित किसिमको शिक्षा, स्वास्थ्य, खानेकुरा, लत्ताकपडा तथा पालनपोषण पनि पाएका छन् भने कतै तिनै सडक बालबालिकाको संरक्षणका नाममा खोलिएका बालगृह र पुनःस्थापना केन्द्रहरुले बदनामी कमाइरहेको तथा सडक बाल बालिकालाई कमाइखाने भाँडो बनाएको कुरा पनि नसुनिएको होइन । यस्ता घटनालाई दोहोरिन नदिन सरकारले बालबालिकाको संरक्षण, हकहितका निम्ति खोलिएका सङ्घ संस्थाको गतिविधिलाई बेलाबेलामा नियमन, अनुगमन र खबरदारी गर्न जरूरी छ भने दोषीउपर कडाभन्दा कडा सजाय दिनुपर्छ । भोलिको देशको मुहार फेर्ने आजका हरेक बालबालिकाले उचित शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासका लागि संविधानको धारा ३९ बमोजिमको अधिकार पाउनुपर्छ । बालबालिकामा कुनै प्रकारको भेदभाव, विभेद र शोषण हुनुहुँदैन । बालबालिकाको हक–हितका लागि कानुनी र कागजी कुराले मात्र हुँदैन । त्यसका लागि देशैभर बालबालिकामैत्री वातावरण, बालबालिका संरक्षण तथा सडक बालबालिका अन्त्य गर्ने नीति र कार्यक्रम अनि प्रभावकारी कार्यान्वयनको खाँचो छ । सडक बालबालिकाको व्यवस्थापन गर्ने कुरा राज्यको मात्र नभएर नागरिक सरोकारको विषय हो । दिनप्रतिदिन सडक बालबालिकाको वृद्धि हुनुले देशले मात्र होइन, सारा नागरिकले समेत नाक खुम्चाउने स्थिति आउन सक्छ । त्यसैले समयमै सडक बालबालिकाको व्यवस्थापनका लागि उचित कदम चाल्नु बुद्धिमानी हुन्छ । समस्या भएपछि समाधान अवश्य पनि खोजिन्छ र भेटिन्छ पनि । राष्ट्रिय बालअधिकार परिषद्ले गत आर्थिक वर्षमा सडकबाट उद्धार गरिएका बालबालिका ६२ जिल्लाका रहेको जनाएको छ । जसमा सबैभन्दा बढी काठमाडौँ, काभ्रे, सिन्धुपाल्चोक, धादिङ, मकवानपुर, रामेछाप, दोलखा, सिन्धुली, नुवाकोट र सर्लाही गरी १० जिल्लाबाट बढी बालबालिका सडकमा आएको तथ्यले देखाएको छ । बालबालिका सडकमा किन आए ? गरिबी, अशिक्षा वा अन्य सामाजिक कारणले हो ? त्यो यथार्थ खोजेर नियन्त्रण गर्ने जिम्मेवार त सम्बन्धित स्थानीय सरकार हुन् । यस्ता विषयमा स्थानीय सरकार संवेदनशील हुनुपऱ्यो । सङ्घीय सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अन्तर्गत रहेको राष्ट्रिय बालअधिकार परिषद्ले यस विषयमा स्थानीय तहलाई कानुनी व्यवस्था र उनीहरुको अधिकारबारे पनि स्पष्ट गर्नुपऱ्यो । परिषद्ले तथ्यांकमात्रै सार्वजनिक गरेर हुँदैन समस्या देखिएका जिल्ला वा स्थानीय सरकार केन्द्रित भएर कार्यक्रम पनि गरिनुपर्छ । आज सडकमा आएका तपाईं हाम्रा छोराछोरी वा भाइबहिनी नभए पनि नेपाल र नेपाली कसैका छोराछोरी हुन् । ती 'हामी नेपाली' हुन् । यिनीहरुलाई सडकबाट समाज वा परिवारमा पुनःस्थापना गर्नुपर्छ, प्रतिबद्धता गरौँ र लागौँ । सबै सचेत नागरिकको सहयोग, जनप्रतिनिधिको लगाव, समाजसेवीको ध्यान र सरकारको निरन्तरको प्रयास भए सडक बालबालिकाको समस्या छिट्टै समाधान हुन सक्छ ।

(लेखक पत्रकार हुनुहुन्छ ।)

# कामना सेवा र नेपाल क्लियरिङ हाउसबिच सम्झौता

काठमाडौ । कामना सेवा विकास बैंक र नेपाल क्लियरिङ हाउसबीच कर्पोरेट पे सञ्चालन गर्ने सम्बन्धी सम्झौता सम्पन्न भएको छ ।

नेपाल क्लियरिङ हाउसका तर्फबाट प्रमुख कार्यकारी अधिकृत निलेश मान सिहं प्रधान र बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत प्रविण बस्नेतले सो



सम्झौता पत्रमा हस्ताक्षर गरी कारोबार सञ्चालन गर्ने उन्नत कार्य गरेका हुन् । यो उन्नत कार्यपछि सुरक्षित तवरबाट फण्ड टान्सफर्र, विभिन्न प्रकारका भुक्तानीहरु र सरकारी कर लगायत अन्य धेरै डिजिटल पेमेन्टहरु घरमा नै बसि भुक्तानी गर्न सक्ने बैकको दावी रहेको छ । बैकंले सो सम्झौता पश्चात यो सेवा कर्पोरेट ग्राहकका लागि छिट्टै नै सञ्चालनमा ल्याउने गरी काम थालेको बैकले जनाएको छ । यो सेवाले कोभिड- १९ को चुनौतिपूर्ण अवस्थामा डिजिटल कारोवार गर्न थप सहजता प्रदान गर्नेछ । बैंकले देशका विभिन्न भागमा १२४ वटा शाखा, एक ऐक्स्टेन्सन काउन्टर, ६६ वटा एटिमएवं सोसियल मिडिया बैंकिङ प्यालटर्फम मार्फत ग्राहकहरुलाइ सेवा तथा सुविधाहरु प्रदान गदै आइरहेको जानकारी गराउदै आईरहेको छ ।

# नेपाल लाइफ इन्स्योरेन्सले ५१ प्रतिशत लाभांश दिँदै

काठमाडौं । नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले आफ्ना शेयरधनीलाई ५१ प्रतिशत लाभांश दिने भएको छ । कम्पनीले आर्थिक वर्ष २०७५/७६ को नाफाबाट ३१ प्रतिशत शेयर लाभांश र २० प्रतिशत नगद लाभांश दिने भएको हो ।कम्पनीले आज एक विवरण सार्वजनिक गर्दै १ करोड ७० लाख ३८ हजार ९८ दशमलव ५१ कित्ता बराबरको शेयर लाभांश र रु. १ अर्ब ९ करोड ९१ लाख ४९ हजार ७ सय १९ बराबरको नगद लाभांश दिने प्रस्ताव गरेको जनाएको हो ।

उक्त प्रस्ताव बीमा समिति र कम्पनीको वार्षिक साधारणसभाबाट पारित भएपछि वितरण गरिनेछ ।जीवन बीमा कम्पनीहरूमध्ये करिब एक तिहाई

NEPAL LIFE सुरक्षा र समृद्धि
नेपाल लाइफ इन्स्योरेन्स कं. लि.
किनकि जीवन अमूल्य छ...

बजारहिस्सा ओगटेको यस कम्पनीको जीवन बीमा क्षेत्रकै सर्वाधिक करिब रू. ५ अर्ब ५० करोड रहेको चुक्तापूँजी लाभांश वितरण पश्चात रु. ७ अर्ब १९ करोड हुनेछ भने लगानी रू. १०४ अर्ब रुपैयाँ रहेको छ । त्यस्तै, कम्पनीको जीवन बीमा कोष ९४ अर्ब ८२ करोड रुपैयाँ र शेयरधनी कोष ९ अर्ब ७७ करोडभन्दा बढी रहेको छ ।

कम्पनीले यस आर्थिक वर्षको मंसिर समान्त सम्ममा जम्मा रू. १३ अर्ब ३१ करोड बीमा शुल्क संकलन गरेको छ । १ लाख ६७ हजार ५ सय ६५ प्रशिक्षित अभिकर्ता रहेको यस कम्पनीले आफ्ना सेवाग्राहीहरू तथा ग्राहकहरूका लागि हालसम्म देशभर फैलिएका २ सय शाखा तथा उप शाखा कार्यालयहरु मार्फत जीवन बीमासम्बन्धी सम्पूर्ण सेवा उपलब्ध गराइरहेको जीवन बीमा कम्पनी हो । हालसम्म स्वदेश र विदेश गरी २८ लाख २० हजार १ सय ९६ व्यक्ति यस कम्पनीमा बीमित भइसकेका नेपाल लाईफले जानकारी दिएको छ ।

ग्राहकहरूको हितलाई ध्यानमा राखी यस कम्पनीले समयसापेक्ष आवश्यक थप सेवा तथा सुविधाहरू समेत उपलब्ध गराउँदै जाने प्रतिबद्धता व्यक्त गरेको उल्लेख छ ।

# महालक्ष्मी विकास बैंकका ऋणीहरुलाई सुविधा

काठमाडौं । महालक्ष्मी बिकास बैंकले कोभिड १९ का कारण आफ्ना

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रिय स्तरको इजाजत प्राप्त संस्था)
www.investopaper.com

ग्राहकहरुको पेशा, ब्यवसाय तथा उद्योगहरुमा पर्न गएको असरलाई मध्यनजर गर्दै ऋणीहरुलाई राहत प्रदान गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंकबाट जारी भएको पुनर कर्जा कार्यविधि अर्न्तगत आवश्यक प्रबन्ध गरी लघु घरेलु तथा साना उद्यम संचालन गरिरहेका १२५० भन्दा बढी ऋणीहरुको ७२ करोड भन्दा बढी कर्जाको ब्याज दर घटाई ५ प्रतिशत कायम गरी सहुलियत प्रदान गरेको छ ।

यसरी पुनर कर्जा सुबिधाका लागी कोभिड १९ को असर परेका उद्यमीहरुका साथै सामाजिक आर्थिक दृष्टिकोणले पिछडिएका बिपन्न बर्ग, कृषक तथा महिलाहरुलाई प्राथमिकता दिएको बैंकले जनाएको छ ।

# मैत्रीय सहकारीको १३औं साधारणसभा सम्पन्न

काठमाडौं । मैत्रीय बचत तथा ऋण सहकारी संस्थाको १३ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । भक्तपुरको बालकोटमा सम्पन्न सभा भक्तपुर बचत तथा ऋण सहकारी संघका निवर्तमान अध्यक्ष राधेश्याम सुवालको प्रमुख आतित्थ्यमा सम्पन्न भएको हो । सभाको उद्घाटन गर्दै प्रमुख अतिथि सुवालले सरकारीहरू सरकारको नीति-नियमअनुसार चली आवश्यक वास्तविक बचतकर्ताहरूलाई मद्दत गर्नुपर्ने कुरामा जोड दिए । उनले पछिल्लो समय सहकारी संघसंस्थाहरूले मुलुकमा आर्थिक समृद्धिका लागि ठुलो टेवा पुऱ्याएको प्रष्ट्याए । मैत्रीय सहकारीका अध्यक्ष एवं सभाका सभापति बालमुकुन्द उपाध्यायले सहकारी अभियानले छरिएर रहेका पुँजी, श्रम र सीपलाई एकीकृत गर्दै गरिवी न्युनीकरण गर्दै समग्र आर्थिक र सामाजिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको बताए । संस्थाका सचिव सुमन सिलवालले सहकारी संस्थाको बार्षिक प्रतिवेदन पेश गर्दै सदस्यहरूलाई उत्पादनशील र व्यवसायिक बनाउन संस्थाले सहयोग गर्दै आएको बताए । त्यस्तै, सहकारी संस्थाको आ.व. ०७६/७७ को आर्थिक प्रतिवेदन र ०७७/७८ को कार्ययोजना पेश गर्दै कोषाध्यक्ष दिवाकर सिलवालले सहकारीले अझै सदस्यहरूको आर्थिक समृद्धिका लागि सहयोग गर्न सक्ने बताए । सहकारीका उपाध्यक्ष कुवेर श्रेष्ठद्वारा स्वागत मन्तव्य दिइएको भने कायैक्रम संचालन राजेन्द्र पराजुलीले संचालन गरेका थिए । सभामा समाजसेवी तथा




सहकारीका सल्लाहकार उद्धव सिलवाल, बालकोट सहकारी संस्थाका प्रतिनिधि जयराज पौडेल, नेपाल रेडक्रस सोसाइटी बालकोट उपशाखाका सभापति चन्द्र श्रेष्ठ लगायतले सभाको सफलताको लागि शुभकामना मन्तव्य दिएका थिए । मैत्रीय सहकारीले गत आर्थिक वर्षमा करिव २१ करोड बचत संकलन गरी १८ करोड ऋण लगानी गरेको र हालसम्म सहकारीमा २६ सय सदस्य रहेको सञ्चालक नवीन उप्रेतीले जानकारी दिनुभयो ।

# मुक्तिनाथ विकास बैंकको मुक्ति भाई लोगो सार्वजानिक

काठमाडौं । मुक्तिनाथ विकास बैंकले बैंकको लोगोको प्रतिक मुक्तिभाई नामक नयाँ ब्राण्ड मस्कट सार्वजानिक गरेको छ । आगामी दिनमा बैंकले सोही मस्कटलाई ब्राण्ड बनाएर आफ्नो विभिन्न सेवा , सुविधा, उत्पादनको प्रचार प्रसार गर्ने बैंकले जनाएको छ । बैंकका अध्यक्ष भरत राज ढकाल र प्रमुख



कार्यकारी अधिकृत प्रद्युमन पोखरेलद्धारा संयुक्त रुपमा एक कार्यक्रम मार्फत बैंकको मस्कट सर्वजानिक गरिएको हो । उक्त कार्यक्रममा बैंकका संस्थापक शेयरधनीहरु त्था उच्च व्यवस्थापनका कर्मचारीहरुको उपस्थितिमा लोगो सार्वजानिक गरेको बैकले जनाएको छ ।

# बैंक अफ काठमाण्डूका ग्राहकले यल्लो प्यगोडा होटलमा छुट पाउने

काठमाडौं । बैंक अफ काठमाण्डू र यल्लो प्यगोडा होटल बिच बैंकको डेबिट, क्रेडिट कार्ड तथा मोबाईल बैंकिङ्गको माद्यमबाट भुक्तानी गर्दा १५ प्रतिशत र ३५ सयमा होटलको कोठा उपलब्ध गराउने सम्झौता भएको छ । यस सम्झौता पश्चात् ग्राहक महानुभावहरुले यल्लो प्यगोडा होटलको सेवाहरु उपभोग वापत बैंकको कार्ड तथा मोबाईल बैंकिङ्गको प्रयोग गरी भुक्तानी गर्दा होटलको कोठा ३५ सयमा पाउने छन् । यल्लो प्यगोडा होटलले काठमाडौं पोखराबाट सेवाग्राहीहरुलाई गुणस्तरीय सेवा तथा सुबिधाहरु प्रदान गर्दै आईरहेको छ । उक्त सम्झौतामा बैंकका कार्ड विभाग प्रमुख अमर राजभण्डारी र यल्लो प्यगोडा होटलको महाप्रबन्धक अर्जुन केशीले हस्ताक्षर गरे । बैंक अफ काठमाण्डू लिमिटेडले ९१ शाखा कार्यालयहरु, ७८ एटिएम र १० एक्स्टेन्सन काउन्टरबाट आफ्ना ग्राहक महानुभावहरुलाई उत्कृष्ट बैंकिङ्ग सुविधा प्रदान गर्दै आईरहेको छ ।

## आर्थिक

# सनराइज बैंकको शाखारहित बैंकिङ सेवा सप्तरीको अग्निसाईरमा

काठमाडौं । सनराइज बैंक लिमिटेडले सप्तरी जिल्लाको अग्निसाईर कृष्णासवरण गाँउपालिका ४, प्रश्वनी, सप्तरीमा शाखारहित बैंकिङ सेवाको




सुरुवात गरेको छ । सो शाखारहित बैंकिङ्ग सेवा संचालनमा आएसंगै बैंकको शाखारहित बैंकिङ सेवा संख्या ५७ पुगेको छ । बैंकले अग्निसाईर कृष्णासवरण गाँउपालिका ४, प्रश्वनी, सप्तरीमा खोलेको शाखारहित बैंकिङ्ग सेवाको प्रतिनिधिका रुपमा विनोद प्रसाद चौधरीलाई नियुक्त गरेको छ ।

# ग्लोबल आइएमई बैंकद्वारा दाङ र नवलपरासीमा २ नयाँ शाखारहित बैंकिङ सेवाको शुरुवात

काठमाडौं । ग्लोबल आइएमई बैंकले दाङको बबई गाउँपालिका-४ हापुरे र नवलपरासीको हुप्सेकोट गाउँपालिका-४ शंकरदेवमा नयाँ शाखारहित बैंकिङ्ग सेवा सञ्चालनमा ल्याएको छ । यी शाखारहित बैंकिङ्ग सेवा संचालनमा




आएसँगै बैंकको शाखारहित बैंकिङ्ग सेवा संख्या २४३ पुगेको छ ।

शाखा रहित बैंकिङ्ग सेवाबाट देशका विभिन्न ग्रामीण क्षेत्रका स्थानिय बासिन्दाले स्थानिय प्रतिनिधि मार्फत बैंकिङ्ग सेवा लिन सक्नेछन् ।

यसबाट निक्षेप खाता खोल्ने, तोकिएको सीमा सम्मको रकम जम्मा गर्ने तथा झिक्ने, आफ्नो खातामा रहेको मौज्दातको जानकारी लिने, कर्जाको व्याज भुक्तानी गर्नेको महसुल भुक्तानी गर्ने, मोबाइल रिचार्ज गर्ने लगायतका सेवा लिन सक्नेछन् । कृषि, रेमिट्यान्स तथा पर्यटन मुख्य आयस्रोत रहेको यी क्षेत्रका बासिन्दाले बैंकिङ्ग सेवा उपभोग गर्नका लागि टाढा-टाढासम्म पुग्नुपर्ने बाध्यतालाई हटाउनको लागि ग्लोबल आइएमई बैंकले ति स्थानहरुमा शाखारहित बैंकिङ्ग सेवा शुरु गरेको छ ।

# नेपाल बंगलादेश बैंकको सेयरमूल्य समायोजन

काठमाडौं । नेपाल स्टक एक्सचेञ्ज नेप्सेमा नेपाल बंगलादेश बैंक लिमिटेडको सेयर मूल्य समायोजन भएको छ । नेप्सेमा बैंकको सेयरमूल्य पुस १० गते शुक्रबार समायोजन भएको हो । बैंकले आर्थिक वर्षको मूनाफाबाट लाभांश वितरण गर्न बुक क्लोज गरेसँगै नेप्सेले कम्पनीको मूल्य समायोजन गरेको हो । नेप्सेले बैंकको सेयरमूल्य समायोजन गरी प्रतिकित्ता २५० रुपैयाँ कायम गरेको छ ।

समायोजित मूल्यलाई आधार मानेर आइतबार बैंकको शेयर कारोबार खुल्नेछ । नेप्सेले अघिल्लो दिनको अन्तिम करोबार मूल्य अर्थात २६५ रुपैयाँका आधारमा शेयरमूल्य समायोजन गरेको हो । बैंकले आर्थिक वर्षको मुनाफाबाट ६ प्रतिशत बोनस वितरण गर्ने प्रस्ताव गरेको छ ।

आयुर्वेदिक उपचारको पहिलो रोजाइ
विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

*हाम्रा सेवाहरु*

ग्याष्ट्रिय, अल्सर, गानोगोला, जन्डिस, पाइल्स, हातखुट्टा झमझमाउने, दुख्ने, हडडी खिएको, युरिक यसिड, बाथ रोग, दम, खोकी, पिनास, अनिन्द्रा , डिप्रेशन, मृगी प्यारालाइसिस, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघरको बिना अप्रेशन उपचार, यौन दुर्लवता सिघ्र स्खलन, बाझोपन पिसाब पोल्ने, धातु रोग, प्रोस्टेट, पत्थरी छाला सम्बन्धि रोग, उच्च रक्तचाप, मधुमेह, थाइराइड लगायतका सम्पुर्ण रोगको दक्ष आयुर्वेद चिकित्सकवाट सफल उपचार गरिन्छ ।

विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.
लाइन्स चोक, नारायणगढ, चितवन
सम्पर्क पैशा नलाग्ने टोल फ्रि नं. १६६०५६५८०००
फोन न. ०५६ : ५७०४६८
फोनवाट पनि नाम दर्ता गर्न सकिने छ ।

# उपभोक्ता अधिकार र कानुनी व्यवस्था

कृष्णप्रसाद भण्डारी

उपभोक्ता हक संरक्षणको चर्चा गर्दा उपभोक्ताकै विषयमा जानकारी राख्नु आवश्यक हुन्छ । आफ्नो निजी प्रयोगको लागि सेवा तथा वस्तु खरिद गर्ने व्यक्ति वा उत्पादित कुनै वस्तु तथा सेवा उपभोगको निमित्त त्यसको मूल्य तिर्ने व्यक्ति उपभोक्ता हो । अर्थात्, उपभोग्य वस्तु वा सेवा उपभोग वा प्रयोग गर्ने व्यक्ति वा संस्था सबै उपभोक्ता हुन । उपभोक्ता अधिकारको विषय उत्पादकले आफ्ना ग्राहकलाई हानी हुन दिनु हुँदैन भन्ने कानुनी मान्यताबाट प्रारम्भ भएको हो । उपभोक्ता अधिकारको विषयले धेरै विवाद उत्पन्न भएपछि यसले आकार ग्रहण गरेको पाइन्छ । उपभोक्ता अधिकारको मूल विषय सुरक्षा हो । उपभोक्ता आफूले किनेका सामान सुरक्षित छन् भन्ने मान्यता राख्छन् । दोस्रो महत्त्वपूर्ण विषय जानकारी पाउनु हो । यसमा वस्तुको तौल, गुणस्तर, गलत प्रचार प्रसार तथा विज्ञापन, बनोटको संरचना ( के के कति कति परिमाणमा परेको छ) भन्ने जानकारी गराउनु पनि हो । तेस्रो, छनोट गर्न पाउने अधिकार हो । तौल, गुणस्तर, मूल्य वा सेवाका विषयमा जानकारी र सो आधारमा पाउने छनोटको अवसर । त्यस्तै अर्को विषय आवाजको सुनुवाइ हो । यसको अर्थ उपभोक्तासम्बन्धी समस्यामा सरकारले सुन्छ र कानुनबमोजिम कारबाही गरी उसको संरक्षण गर्छ भन्ने हो । यस्तै क्षतिपूर्ति, उपभोक्ता शिक्षा, स्वास्थ्य वातावरण आदि पनि उपभोक्ता अधिकारका विषय हुन् । उपभोक्ता अधिकार मानवाधिकारसँग सम्बन्धित अधिकार हो । यसले सबै नागरिकले सही परिमाणको गुणस्तरीय वस्तु सुपथ र सहज रुपमा पाउनुपर्छ भन्ने पैरवी गर्छ ।

बजारमा हुने ठगी, उपभोक्तालाई भुक्याउने, गुमराहमा पार्नेजस्ता गलत क्रियाकलापबाट वस्तु वा सेवा खरिद गर्ने जनसाधारणको सुरक्षा गर्ने कार्य उपभोक्ता संरक्षण हो । दण्डात्मक प्रावधानका अतिरिक्त सरकारी कानुनहरुमा उत्पादकले वस्तु तथा सेवाको विषयमा विस्तृत जानकारी गराउनु पर्ने प्रावधानको व्यवस्था पनि उपभोक्ता संरक्षण सन्दर्भमा आवश्यक मानिन्छन् । व्यापार व्यवसाय गर्ने व्यापारी एवं उत्पादक सामान्य उपभोक्ताभन्दा बढी बलिया र शक्तिशाली हुने गर्छन् । तसर्थ यी वर्गबाट उपभोक्ताहरुलाई राज्यले संरक्षण गर्नु पर्ने अपरिहार्यता सृजना भएको हो । फलस्वरुप राज्यले संरक्षणात्मक उपायहरु अवलम्बन गर्ने गर्छ । नेपालमा

उपभोक्ता अधिकार संरक्षणसम्बन्धी केही विद्यमान कानुनी व्यवस्था यस प्रकार छन् :

नेपालको संविधान, २०७२

नेपालको संविधानको धारा ४४ मा उपभोक्ताको अधिकारलाई मौलिक अधिकारको रुपमा स्वीकार गरिएको छ । यसमा प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक र गुणस्तरीय वस्तु तथा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने व्यवस्थासमेत रहेको छ ।

खाद्य ऐन, २०६३

खाद्य ऐन, २०६३ उपभोक्ताको स्वास्थ्य सुरक्षा कायम राख्ने प्रयोजनार्थ प्रबन्ध गरिएको हो । यस ऐनमा खाद्य, अखाद्य र न्यूनस्तरको खाद्य पदार्थहरु के के हुन् ? तिनीहरुका बीचमा के कस्ता भिन्नता हुन्छन् भन्ने विषय परिभाषित गरिएको पाइन्छ । प्रस्तुत ऐनले खाद्य पदार्थको स्वाभाविक गुण वा उपयोगिता घटाउन, झिक्न नपाइने, खाद्य पदार्थमा हुने अवाञ्छनीय मिसावट रोक्ने, खाद्य पदार्थको उचित गुणस्तर बनाई राख्नसमेत जोड दिएको छ । ऐनले मानिसले खान र पिउनको लागि उपयोगी हुने अप्रशोधित, अर्धप्रशोधित, प्रशोधित वा उत्पादित खाद्य पदार्थ वा पेयलाई खाद्य पदार्थ र स्वाभाविक गुणभन्दा कमसल हुनेगरी प्रमुख अङ्गहरुको परिमाण घटाइएको, अन्य कुनै पदार्थ मिसाइएको खाद्य पदार्थलाई न्यून स्तरको खाद्य पदार्थ मानेको छ । त्यसैगरी मानव स्वास्थ्यलाई हानी हुनेगरी सडे गलेको, फोहर मैला, विषाक्त अवस्थामा राखी तयार पारिएको, रोगी पशुपक्षी वा वनस्पतिबाट बनेको, तोकिएको भन्दा घटीबढी रसायन, कीटनाशक औषधिको प्रयोग भई मानवजातिले खाननहुने अयोग्य खाद्य पदार्थलाई दूषित खाद्य पदार्थको श्रेणीमा राखिएको छ ।

खाद्य ऐन बमोजिम कसुर ठहरिने विषय र सजायसम्बन्धी व्यवस्था देहाय बमोजिम छन् :

- न्यून स्तरको खाद्य पदार्थ उत्पादन, बिक्री वितरण गरेको ठहरिने कसुर गर्ने व्यक्तिलाई रु ५,०००। जरिवाना वा १ वर्षसम्म कैद वा दुवै सजाय ।
- दूषित खाद्य पदार्थ उत्पादन, बिक्री वितरण गर्ने (जुन पदार्थ खानाले कसैको मृत्यु भएमा, मृत्यु हुने संभावना वा अपूरणीय क्षति भएमा ) व्यक्तिलाई २५,०००। सम्म जरिवाना, ३ वर्षसम्म कैद हुने र सो दूषित खाद्य पदार्थबाट प्रभावित व्यक्तिलाई १,००,०००। सम्म क्षतिपूर्ति दिनुपर्ने व्यवस्था गरिएको छ ।

उपभोक्ता संरक्षण ऐन, २०५४

यो ऐन उपभोक्ताको संरक्षणको दिशामा महत्वपूर्ण मानिएको छ । ऐनमा उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्ने, उपभोक्ताको हक हित र अधिकारको संरक्षणका लागि वस्तु तथा सेवाको गुणस्तर, परिमाण र मूल्यको अनियमितता रोक्ने, वस्तु वा सेवाको गुणस्तर कायम गराउने, एकाधिकार, अनुचित व्यापारिक क्रियाकलाप र मूल्य वृद्धि तथा झुठ्ठा भ्रमात्मक प्रचारप्रसार हुन नदिने, सुरक्षित र गुणस्तरीय वस्तु वा सेवाको प्रबन्ध गर्ने उद्देश्यहरु रहेका छन् । उपभोग्य वस्तुमा देहायका विवरणहरु उल्लेख हुनुपर्ने व्यवस्था छ :

- उत्पादकको नाम, ठेगाना र उद्योगको दर्ता नम्बर
- खाद्य पदार्थ र औषधिजस्ता वस्तुको मिश्रण, परिमाण र तौल
- वस्तुको गुणस्तर
- उपयोग गर्ने तरिका र सो वस्तुको उपभोगबाट हुन सक्ने प्रभाव,
- मूल्य, ब्याच नम्बर, उत्पादन मिति, उपभोग गर्न हुने समय (म्याद) सकिने मिति,
- इलेक्ट्रोनिक, हार्डवयर तथा यान्त्रिक वस्तुमा सो वस्तुको ग्यारेन्टी र अन्य आवश्यक कुराहरु
- प्रज्ज्वलनशील, दुर्घटनाजन्य वा सजिलै संग टुटफुट हुनसक्ने वस्तुमा सो वस्तुको सुरक्षाको लागि अपनाउनुपर्ने उपाय,

उपभोक्ता संरक्षण ऐनअनुसार कसुर ठहरिने र त्यसमा हुने सजाय

- कसुरः कमसल वस्तुको उत्पादन, बिक्री वितरण र मिलेमतो वा कार्टेलिङ गरी माल वस्तु वा मूल्यमा प्रतिकूल प्रभाव पार्ने काम :
- सजाय : ३ वर्षसम्म कैद वा पचास हजारसम्म जरिवाना वा दुवै सजाय,
- कसुर : ढाँटी, झुक्याई, भ्रमात्मक प्रचारप्रसार गरी अनुचित व्यापारिक क्रियाकलाप गर्ने काममा,
- सजाय : पाँच वर्ष कैद वा एक लाखसम्म जरिवाना वा दुवै सजाय,
- कसुर : उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असरपार्ने किसिमको वस्तु वा सेवाको उत्पादन वा बिक्री वितरण गरेकोमा,
- सजाय : अधिकतम चौध वर्षसम्म कैद वा पाँच लाखसम्म जरिवाना वा दुवै सजाय,
- अन्य अवस्थाका कसुरमा दुई वर्षसम्म कैद वा एक लाख जरिवाना वा दुवै सजाय,

कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२

यो ऐनले सर्वसाधारण जनताको स्वास्थ्य सुविधा र आर्थिक हित कायम राख्ने र निम्नानुसारका कसुरजन्य काम नियन्त्रण गर्ने उद्देश्य राखेको छ । ऐन अनुसार कसुर हुने विषयहरु निम्नानुसार छन् :

- कालो बजार
- नाफाखोरी
- जम्माखोरी,
- मिसावट र
- अन्य सामाजिक अपराध

कालो बजार : नेपाल सरकारले निर्धारण गरी दिएको मोलभन्दा बढी मोल लिई माल वस्तुको बिक्री गर्ने र माल वस्तुको उत्पादन, आयातक वा मुख्य वितरकले निर्धारित गरेको मोलभन्दा बढी मोल लिई माल वस्तु बिक्री गर्ने कार्यलाई कालोबजार मानिएको छ । कालो बजारको कसुरमा एक वर्षसम्म कैद वा दुईलाख पचास हजारसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था रहेको छ ।

नाफाखोरी : कुनै माल वस्तुको व्यापार गर्ने व्यक्तिले व्यापारको प्रचलन अनुसार सयकडा २० भन्दा बढी मुनाफा लिएको अवस्थामा वा अभावको लाभ उठाई सो माल वस्तुको अनुचित लाभ लिई बिक्री गरेमा नाफाखोरीको कसुर मानिने प्रबन्ध गरिएको छ ।

माल वस्तुको विचलन : कुनै एक स्थानमा बिक्री वितरण गर्न तोकी दिएको कोटाको लागि आयात गरिएको वा उपलब्ध भएको माल वस्तु अन्यत्र लगेमा, बिक्री गरेमा माल वस्तुको विचलन गरेको मानिन्छ ।

नाफाखोरीको कसुर र माल वस्तुको विचलनसम्बन्धी दुवै प्रकारको कसुरमा एक वर्षसम्म कैद वा दुईलाख पचास हजारसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ ।

जम्माखोरी वा कृत्रिम अभाव : बजारमा कुनै मालको कृत्रिम अभाव हुनेगरी सो मालको मूल्य वृद्धि गराएर त्यसबाट अनुचित नाफा लिई बजारमा बिक्री गर्ने नियतले त्यस्तो माल वस्तुको संग्रह गरी बिक्री नगरेमा जम्माखोरी गरेको मानिन्छ । कृत्रिम अभावसम्बन्धी कसुर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा दस लाखसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ ।

झुक्याई बिक्री वितरण : कमसल माललाई असल माल हो भनी वा एक किसिमको माल वस्तुलाई अर्कै माल वस्तु हो भन्ने भानपारी वा कुनै माल वस्तुमा सो माल वस्तुको स्तर घट्नेगरी मिसावट गरी सो कुरा नबताई बिक्री वितरण गरेमा झुक्याई बिक्री वितरण गरेको मानिने व्यवस्था छ ।

झुक्याई बिक्री वितरणको कसुर गर्ने कसुरदारलाइ ९ महिनासम्म कैद वा २ लाखसम्म जरिवाना वा दुवै सजाय हुने प्रावधान रहेको छ ।

औषधि मिसावट र मिसावट भएको औषधिको बिक्री : शुद्ध औषधिसरह बिक्री वा प्रयोग गराउने नियतले, जानीजानी औषधिका प्रभाव शून्य हुने, घटी हुने, बदलिने वा हानिकारक हुनेगरी कसैले कुनै औषधिमा मिसावट गरेमा, मिसावट भएको, म्याद नाघेको औषधि हो भन्ने जानीजानी बिक्री गरेमा वा बिक्री गर्ने उद्योग गरेमा, उपचारको लागि कसैलाई दिएमा औषधि मिसावट सम्बन्धी कसुर मानिने व्यवस्था छ ।

यो कसुरमा दस वर्षदेखि जन्म कैदसम्म कैद सजाय र जरिवानासमेत हुन सक्ने प्रावधान रहेको छ । औषधि सम्बन्धी कसुरको मुद्दा जिल्ला अदालतमा र अन्य कसुरसम्बन्धी मुद्दा प्रमुख जिल्ला अधिकारीले हेर्न सक्ने व्यवस्था गरिएको छ ।

त्यस्तै उपभोक्ताको हितलाई ध्यानमा राखी उपभोग्य वस्तुका प्याकेटमा निम्नानुसारका निर्देशनहरु उल्लेख हुनुपर्ने व्यवस्था छ । यसले उपभोक्ताका उत्तरदायित्वलाई जोड दिन्छ :

- उत्पादकको नाम, ठेगाना र उद्योगको दर्ता नम्बर
- खाद्य पदार्थ र औषधिजस्ता वस्तुको मिश्रण, परिमाण र तौल,
- वस्तुको गुणस्तर,
- उपयोग गर्ने तरीका र सो वस्तुको उपभोगबाट हुनसक्ने प्रभाव,
- मूल्य ब्याच नम्बर, उत्पादन मिति, उपभोगको म्याद सकिने मिति,
- इलेक्ट्रोनिक, हार्डवयर तथा यान्त्रिक वस्तुमा सो वस्तुको ग्यारेन्टी र अन्य आवश्यक कुराहरु
- प्रज्ज्वलनशील, दुर्घटनाजन्य वा सजिलैसँग टुटफुट हुनसक्ने वस्तुमा सो वस्तुको सुरक्षाका लागि अपनाउनु पर्ने उपाय,

उपभोक्ता अधिकार र उपभोक्ता संरक्षणको सम्बन्धमा नेपालमा विद्यमान कानुनी व्यवस्थाहरु प्रभावकारी ढंगबाट कार्यान्वयन हुन सकेको छैन । तसर्थ दसैं तिहार जस्तो विशेष अवसर पारेर उपभोक्ता हित कुण्ठित पार्ने अनेकौं हतकण्डा हुने गर्छन् । नेपालमा केही दिनअघि मात्र म्याद गुज्रेका उपभोग्य खाद्य वस्तुको रिलेबलिङ गर्दै गर्दा त्यस्तो अपराधिक गतिविधिमा संलग्न भएका मानिसहरु पक्राउ परेको समाचार सार्वजनिक भएको थियो । यस्ता गैरमानवीय र गैरकानुनी काम कारबाहीलाई निस्तेज र नियन्त्रणका निमित्त विद्यमान कानुनी प्रावधानहरुलाई इमानदारीपूर्वक व्यवहारमा रुपान्तरण गर्न सक्नुपर्छ । (अधिवक्ता, बाह्रखरी

## बागमती प्रदेश सरकार ढाल्ने कसरत

काठमाडौं । बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री कैलाश ढुंगेलले प्रदेश सरकार विरुद्ध अविश्वासको प्रस्ताव दर्ता हुँदैमा सरकार नढल्ने बताएका छन् । उनले अविश्वासको प्रस्तावको सामना गर्दै विश्वासको मत लिने बताएका हुन् । मन्त्री ढुंगेलले रामेछाप भने,'अविश्वासको प्रस्ताव दर्ता असफल हुन्छ, प्रस्तावको सहजै सामाना गरेर अगाडि बढ्छौं ।' प्रदेश सरकारले अपेक्षा भन्दा पनि बढी काम गर्दा पनि काम गरेर भन्नु गलत रहेको बताउदै उनले आगामी दिनमा प्रदेश सरकारले झन राम्रो काम गरेर अगाडि बढ्ने बताए । 'प्रदेश सरकारले राम्रो काम गरेन भन्न ठाउँ छैन, अहिले सरकारको विरुद्ध दर्ता गरिएको अविश्वासको प्रस्ताव कुनै पनि हातलमा पास हुने सम्भावना छैन', मन्त्री ढुंगेलले भने । नेकपाका केन्द्रीय सदस्य समेत रहेका मन्त्री ढुंगेलले सरकारको विरुद्ध दर्ता भएको अविश्वासको प्रस्तावको पक्षमा कांग्रेसले साथ नदिने दाबी गर्दै आफूहरु बहुमतमै रहेको बताए । ४५ जना सांसदले अविश्वासको प्रस्ताव दर्ता गर्दैमा सरकार नढल्ने बताउदै उनले विश्वासको मत सहजै रुपमा लिन सकिने बताए । बागमती प्रदेशमा ११० जना सांसद रहेका छन् । जसमध्ये नेकपाका ८२ जना सांसद रहेका छन् । नेकपा प्रचण्ड-नेपाल पक्षका ४५ जना सांसदहरुले भने बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलको विरुद्ध अविश्वासको प्रस्ताव दर्ता गराएका छन् ।

# रामेछाप डायरी

## राष्ट्रिय संगीतकर्मी संघ रामेछापमा सोनु रोका चयन

मन्थली । राष्ट्रिय संगीतकर्मी संघ जिल्ला कार्यसमिति रामेछापको नयाँ नेतृत्व चयन भएको छ । शनिबार मन्थलीमा आयोजित चौथो जिल्ला अधिवेशनबाट सोनु रोकाको नेतृत्वमा नयाँ कार्यसमिति चयन भएको हो । युनिक विफा घिसिङको अध्यक्षतामा भएको उक्त अधिवेशनको उदघाटन बागमति प्रदेश सभासदस्य शान्तिप्रसाद पौडेलको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । घिसिङको दुई वर्ष कार्यकाल पुरा भएपछि विधानअनुसार नयाँ कार्यसमिति चयन भएको आयोजकले जनाएको छ । संघका केन्द्रिय अध्यक्ष राजेन्द्रकुमार कार्की, महासचिव विक्रमजंग शाह, केन्द्रिय सदस्य कुमार कार्की, बागमति प्रदेश कोषाध्यक्ष गोविन्द गौतम, सल्लाहकार लेखबहादुर कार्की, पुर्ण सुवेदी, इन्चार्ज शिवसागर खड्का लगाएतको उपस्थितिमा सम्पन्न उक्त अधिवेशनबाट बरिष्ठ उपाध्यक्ष तिर्थविरक्त पाखिन, प्रथम उपाध्यक्ष लेखबहादुर विक, महिला उपाध्यक्ष सावित्रा भुजेल, उपाध्यक्ष रमेशकुमार थापा, सचिवदोय राम वि.पी. मगर, अनिता थापा मगर चयन भएका छन् । उक्त नयाँ कार्यसमितिको अन्य पदाधिकारीहरुमा प्रवक्ता मिलन घिमिरे, सह(सचिवमा नारायण थापा, कोषाध्यक्ष सुरुची मगर, सह कोषाध्यक्ष निकिता चौहान, सदस्य रामकुमार तामाङ, सुलोचना थापा, मुना सुवेदी, उज्वल भट्टराई र सन्जिव बोहोरा चयन भएका छन् । नव निर्वाचित कार्यसतिमिको कार्यकाल दुई बर्षको हुने विधानमा उल्लेख छ ।

## मन्थलीमा प्रचण्ड-नेपाल समूहको भेला

रामेछाप । नेकपा प्रचण्ड-नेपाल समुहका केन्द्रीय सदस्य एवं रामेछापका इन्चार्ज देवशकंर पौडेलले प्रधानमन्त्री केपी ओली कम्युनिष्ट नभएको पुष्टि अहिलेको संसद विघटनको घटनाले पुष्टि गरेको आरोप लगाएका छन् । उनले कम्युनिष्ट आस्था टुटेकै कारण हतास मानसिकतामा आफ्नो पद गुम्ने त्रासमा ओलीले संसद विघटनको निर्णय लिएको बताएका हुन् । आइत मन्थलीमा आयोजित जिल्ला कमिटीको बैठकलाई सम्बोधन गर्दै इन्चार्ज पौडेलले काम गर्न दिएन भनेर संसद विघटन गर्ने निर्णय गर्नु गलत भएको बताए । उनले भने,'सामुदायिक संस्था देखि सानो युवा क्लबमा त निर्णय गर्दा कस्तीमा बहुमत चहिन्छ,'अध्यक्ष ओलीले पार्टीको बहुमत निर्णयलाई लत्याउदै गैर कम्युनिष्ट चरित्र देखाउनु भो ।' गैर राजनीतिक भिडले पनि सत्ता प्राप्त गर्न सक्छ, निरंकुश तानाशाहहरुले पनि सत्ता प्राप्त गरेर सञ्चालन गरेको इतिहास भएपनि जीवन्त रहन सकेको छैन, उनले भने । कम्युनिष्ट पार्टी के हो भन्ने नबुझ्नेका भिडले गन्तव्यमा नभई विघटनमा पुर्याउने गरेको बताउदै पौडेलले प्रधानमन्त्री ओली दलाल पुँजीपति वर्गको मतियार भएको आरोप लगाए । भेलामा प्रचण्ड-नेपाल समुहका केन्द्रीय सदस्य एवं रामेछाप जिल्ला इन्चार्ज देवशकंर पौडेल, केन्द्रीय सदस्य एवं जिल्ला सह-इन्चार्ज श्यामकुमार श्रेष्ठ, केन्द्रीय सदस्य युवराज चौलागाई, जिल्ला अध्यक्ष मैन कुमार मोक्तान, जिल्ला सचिव शान्ति पौडेल, लक्ष्मी गुरुङलगायतको सहभागीता रहेको छ ।

## रामेछापमा भूकम्पले भत्किएका ४२ हजार ६६३ घर निर्माण

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण स्थापना भएको पाँचवर्षमा रामेछापमा भूकम्पले भत्किएका ४२ हजार ६६३ निजी घर बनेका छन् । २०७२ साल वैशाख १२ गतेको भूकम्प र त्यसपछिका पराकम्पबाट जिल्लामा ५० हजार ११६ निजि घरमा पूर्णरुपमा क्षेती पुर्याएको थियो । यसध्ये हालसम्म ४२ हजार ६६३ घरको पुनःनिर्माण सम्पन्न भएको जिल्ला आयोजना कार्यान्वयन इकाई अनुदान व्यवस्थापन तथा स्थानीय पुर्वाधार कार्यालय रामेछापका सूचना अधिकारी निरज श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार भूकम्पले ५० हजार ११६ निजी घरमा पूर्ण क्षेती पुर्याएकोमा ४८ हजार ६२६ लाभग्राहीले घर बनाउन सम्झौता गरेका थिए । यसमध्येबाट ४८ हजार ५३० जना लाभग्राहीले पहिलो किस्ता , ४६ हजार ५०७ जनाले दोस्रो किस्ता र ४२ हजार ६६३ जनाले तेस्रो किस्ता बुझिसकेको उहाँले बताउनुभयो । जिल्ला आयोजना कार्यान्वयन इकाई अनुदान व्यवस्थापन तथा स्थानीय पुर्वाधार कार्यालय रामेछापका प्रमुख गणेश अर्यालले जिल्लामा अझै एक हजार ४९० जनाले घर बनाउनका लागि अनुदान सम्झौता गर्न बाँकि रहेको बताउनुभयो ।

## रामेछापका एकसय २२ जनप्रतिनिधिले अझै बुझाएनन् निर्वाचन खर्च

गएको स्थानिय निर्वाचनमा उम्मेदवारी बनेका रामेछापका १ सय २२ जना निर्वाचित जनप्रतिनिधिहरुले उम्मेदवार समयमा खर्च भएको खर्चको विवरण समेत नबुझाएको पाईएको छ । रामेछापमा स्थानिय तहको निर्वाचन भएको तीन वर्ष पुरा भइसक्दा पनि स्थानिय निकायमा उम्मेदवार बनेका निर्वाचीत जनप्रतिनिधिहरुले नै निर्वाचन खर्च बुझाएका छैनन् । निर्वाचन आयोगले उम्मेदवारी बनेका सबै राजनितिक दलका नेताहरुलाई आयोगको समयसिमा भित्र निर्वाचनमा भएको खर्चको विवरण बुझाउन पत्राचार समेत गरेको थियो । निर्वाचन खर्च नबुझाउनेहरुमा निर्वाचित वडा अध्यक्ष १९ जना रहेका छन् । त्यसैगरी निर्वाचन खर्च नबुझाउने वडा सदस्यहरुमा १ सय ३ जना रहेका छन् । उनीहरुलाई निर्वाचन कार्यालय रामेछापले पटकपटक खर्च विवरण बुझाउन पत्राचार र टेलिफोन समेत गर्दा समेत निर्वाचित जनप्रतिनिधिहरुले अटेर गरेका हुन् । निर्वाचन कार्यालय रामेछापले जिल्लाका २ नगरपालिका र ६ वटा गाउँपालिकाका गरी ८ वटै स्थानिय तहमा उम्मेदवारी बनेका उम्मेदवारहरुलाई निर्वाचन सकिएको तीन महिना भित्र निर्वाचन खर्च बुझाउन पत्राचार गरेको थियो । निर्वाचनको पत्र बुझेका निर्वाचित जनप्रतिनिधिहरुले त्यसको वेवास्ता गरेका हुन् । खर्चको विवरण नबुझाएको जनप्रतिनिधिहरु अर्को निर्वाचनमा उम्मेदवारी दिन पाउने वा नपाउने सो विषयमा निर्वाचन आयोगले नै निर्णय गर्ने जिल्ला निर्वाचन कार्यालय रामेछापले जनाएको छ ।

## रामेछापका २ सय २ जना कोरोना संक्रमित कोरोना मुक्त

रामेछापमा थप चार जना कोरोना संक्रमित कोरोना मुक्त भएका छन् । स्वास्थ्य कार्यलय रामेछापका अनुसार शुक्रबार मन्थली नगरपालिका चार जना कोरोना मुक्त भएका हुन् । कोरोना मुक्त हुनेमा ३२ र ३० बर्षिक महिला र ४१ र ३४ बर्षका पुरुष रहेको स्वास्थ्य कार्यलय रामेछापले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख गरेको छ । शुक्रबार कोरोना मुक्त हुने सहित रामेछाप दुई सय २ जना कोरोना मुक्त भएका छन् भने एक जना गोकुलगंगा गाउँपालिकाले निमाण गरेको आइसोलेसनमा रहेको जारी विज्ञप्तिमा उल्लेख गरिएको छ । स्वास्थ्य कार्यलय रामेछापका अनुसार २२ सय ६७ जनाको पिसिआर विधिबाट कोरोना परिक्षण गर्दा २ सय ३ जनाको रिपोट पोजेटिभ आएको थियो ।

# दुबईको अल्फर्दानबाट सिटी एक्सप्रेस मार्फत पैसा पठाउदा रु २ लाख उपहार

नेपाल टेलिकमले हाले देशभरका सार्वजनिक विद्यालयका शिक्षक तथा कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरुका लागि वितरण गरिरहेको 'पाठशाला CUG सेवा' विद्यालयका कर्मचारी, अभिभावक, विद्यालय सञ्चालक समितिका सदस्यहरुलाई पनि उपलब्ध गराउने भएको छ । महामारीको अवस्थामा मुलुकभरका विद्यार्थीहरु शिक्षाबाट वञ्चित हुनु नपरोस् भनी नेपाल सरकारले लागु गरेको आकस्मिक शैक्षिक योजना २०७७ अन्तर्गत कम्पनीले पठनपाठनका लागि सहुलियत दरमा 'पाठशाला CUG सेवा' वितरण गरिरहेको छ । यो अफरमा आबद्ध हुन नेपाल टेलिकमको जीएसएम वा सीडीएमए प्रिपेड मोबाइल नम्बर आवश्यक हुन्छ । पहिलेदेखि प्रयोगमा रहेका प्रिपेड सिमकार्डलाई पाठशाला CUG सेवामा आबद्ध गर्न सकिन्छ । नेपाल टेलिकमको प्रिपेड सिमकार्ड नहुने प्रयोगकर्ताहरुले निःशुल्क रुपमा उपलब्ध हुने नयाँ प्रिपेड सिमकार्ड लिई CUG सेवा उपयोग गर्न सक्नुहुनेछ ।

यस अन्तर्गत कुनै एक सार्वजनिक विद्यालयसँग सम्बद्ध भई कम्पनीको संस्थागत प्रयोगकर्ता समूह (CUG)मा आबद्ध हुन सेवाग्राहीलाई मासिक जम्मा रु. ९९ मात्र (सरकारी कर र स्वामित्व करबाहेक) लाग्दछ । यसमा आबद्ध सेवाग्राहीले क्लोज्ड ग्रुपभित्र असीमित कुराकानी गर्न सकिने भ्वाइस सेवा उपलब्ध हुनेछ । यसअघि शिक्षा तथा मानव श्रोत विकास केन्द्रको वेबसाइट ( https://learning.cehrd.edu.np)मा रहेका शैक्षिक सामग्री प्रयोग गर्न ५ जिबी डाटा उपलब्ध भएकोमा यसलाई बढाएर ८ जिबी डाटा उपलब्ध गराइनेछ । त्यसैगरी समूहभित्र थप शुल्क बिना बल्क एसएमएस पठाउन सकिने सुविधा यथावत् छ । साथै, कुनैपनि समयमा जुनसुकै प्रयोजनका लागि १ जिबी डाटा र समूहभित्र १ सयवटा एसएमएसष्स पठाउन सकिने सुविधा थप गरिएको छ । विद्यालयले 'पाठशाला CUG सिम' मा आबद्ध हुने सम्पूर्ण शिक्षक, विद्यार्थी र अभिभावकको मोबाइल नम्बर र नाम सहितको विवरण तोकिएको ढाँचामा तयार गर्नुपर्दछ । सो विवरण स्थानीय तहको सिफारिसका साथ नजिकैको नेपाल टेलिकम कार्यालयमा सम्पर्क गरी शुल्क भुक्तानी गर्नुपर्दछ । त्यस पश्चात् सो ग्रुपमा आबद्ध सबै मोबाइल नम्बरहरुमा एसएमएसमार्फत पाठशाला CUG सेवाको जानकारी उपलब्ध हुन्छ । आकस्मिक शैक्षिक योजना २०७७ मा उल्लेखित प्रावधान बमोजिम सार्वजनिक विद्यालयका शिक्षक, विद्यार्थी तथा अभिभावकहरुका लागि यस समूहमा आबद्ध हुन लाग्ने रकम स्थानीय निकायले व्यहोर्ने भएकाले योजनामा सामेल हुनुअघि स्थानीय निकायको सिफारिश लिनुपर्दछ । यसका अलावा सार्वजनिक विद्यालयका विद्यार्थी, शिक्षक, अभिभावक, कर्मचारी र सञ्चालक समितिका सदस्यहरुले चाहेमा आकस्मिक शैक्षिक योजना २०७७ वाहेक पनि विद्यालयको सिफारिसमा एकमुष्ट प्रति सदस्य रु. ९९ मात्र ( सरकारी कर र स्वामित्व करवाहेक) प्रति महिनाका दरले नेपाल टेलिकमको काउन्टरमा रकम भुक्तानी गरी पाठशाला CUG सेवा प्राप्त गर्न सक्नेछन् । यसका लागि स्थानीय तहको सिफारिश आवश्यक पर्नेछैन ।

पाठशाला CUG अफरको अवधि समाप्ति पश्चात् यो अफरका लागि प्राप्त मोबाइल साधारण प्रयोगकर्ता सरह नै निरन्तर प्रयोग गर्न सकिने छ । यस सम्बन्धी थप जानकारीका लागि नजिकको नेपाल टेलिकमको कार्यालयमा सम्पर्क गर्नुहुन वा कम्पनीको वेबसाइट www.ntc.net.np मा रहेको पाठशाला CUG अफर सम्बन्धी सूचनाको लिंक https:// www.ntc.net.np/post/ paathshala-cug-sim-distribution मा हेर्नहुन अनुरोध गरिन्छ ।

नेपाल टेलिकम GSM सेवाको आकर्षक
DATA / VOICE प्याकेज खरिद गर्नको लागि
*1415#
डायल गर्नुहोस् ।
राष्ट्रको सञ्चार
नेपाल टेलिकम
www.ntc.net.np twitter.com/ndcl_nt facebook.com/NepalTelecom.NT instagram.com/nepaltelecomofficial

कसैले कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय, पेशाका आधारमा व्यवसाय गर्न, कुनै धार्मिक कार्य गर्न वस्तु वा सेवा, सुविधा उत्पादन, विक्री वितरण गर्न प्रतिबन्ध वा रोक लगाउन वा कुनै पेशा गर्न बाध्य पार्नु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## अन्तराष्ट्रिय समाचार

### चीनले अमेरिकालाई उछिन्ने, सन् २०२८ सम्ममा विश्वको ठुलो अर्थतन्त्र हुने प्रक्षेपण

सन् २०२८ सम्मा चीनले अमेरिकालाई उछिन्दै विश्वकै सबैभन्दा ठूलो अर्थतन्त्र भएको देश बन्ने छ । कोरोना महामारीमा सम्पूर्ण देशको अर्थमा धक्का पुगेको बेला चीनलाई फाइदा भएको र यो आँकलन चीनको पाँच वर्ष अगावै पूरा हुने देखिएको विज्ञहरुले जनाएका हुन् ।

अहिले विश्वमा आफ्नो अर्थलाई स्थापीत गर्ने दौडमा रहेका दूई ठूला मुलुकबीच निकै प्रतिस्पर्धा चलिरहेको छ । दूवै देशले आफ्नो अर्थव्यवस्थालाई बलियो बनाउन हरप्रयास गरिरहेको छ । तर, कोरोना महामारीले थलिएको अमेरिकी अर्थव्यवस्थालाई चीनले आफ्नो लक्ष्य भन्दा अगावै उछिन्ने भएको छ ।

महामारीविरुद्व चीनले चालेको कदम निकै सराहनिय भएको र आफ्नो थलिएको अर्थलाई पुनः ट्र्याकमा छिट्टै ल्याएको कारण चीन अर्थव्यवस्थामा अमेरिकालाई समय भन्दा अगावै पछ्याउने जनाइएको छ । महामारीमा चीनले अन्य मुलुक भन्दा तरुन्तै लकडाउन जारी गर्दौ महामारीको फैलावटलाई रोक्न सफल भएको थियो ।

चीनले महामारीलाई परास्त गर्न कुशल व्यवस्थापन गरेको र आफ्नो अर्थतन्त्रलाई सही ढंगले चलायमान बनाएको कारण चीन छिट्टै बलियो हुँदै गएको सिइबिआर रिपोर्टले देखाएको छ । चीनको अर्थतन्त्र ५.७ प्रतिशतले २०२१ देखि २०२५ मा बृद्धी हुने छ भने अमेरिकी अर्थतन्त्र महामारी पश्चात २०२२ देखि २०२४ मा करिब १.९ प्रतिशतले बढ्ने देखिएको छ । त्यसैगरी जापानले अर्थव्यवस्थामा तेस्रो स्थान कायम गर्न सफल भएको छ ।

### रुसी कोरोनाविरुद्धको भ्याक्सिन ९० प्रतिशत प्रभावकारी

एजेन्सी, १२ पुस । रुसी रिसर्च सेन्टर ग्यामलेयाद्वारा उत्पादित कोरोना भाइरसविरुद्वको खोप ६० वर्ष भन्दा बढी उमेरका मानिसहरुमा प्रयोग गर्दा ९० प्रतिशत प्रभावकारी देखिएको छ । कम्पनीले सामाजिक सञ्जाल ट्वीटरमार्फत शनिबार जानकारी गराएको हो । कम्पनीले ट्वीटरमा लेखेको छ, 'रुसी स्वास्थ्य मन्त्रालयले स्पुतनीक भीलाई ६० वर्ष वा सो भन्दा बढी उमेरका मानिसमा परिक्षण गर्न अनुमति दिएको छ । उक्त समूहका मानिसमा खोप प्रयोग गर्दा खोप सुरक्षीत र ९० प्रतिशत प्रभावकारी रहेको छ ।' स्पुतनीक भीलाई ठुलो समुदायमा प्रयोग गर्न ६० वर्ष भन्दा बढी उमेरका मानिस सर्व प्रथम प्रयोग गरिने विषयमा रुसी स्वास्थ्य मन्त्री मिखाइल मुरास्कोले यस अगावै जानकारी दिएका थिए । रुसले कोरोना भाइरस विरुद्व खोपलाई डिसेम्बर १० देखि प्रयोगमा ल्याएको थियो । खोपलाई रुसको सबै क्षेत्रमा पुर्याइसकेको स्वास्थ्य मन्त्रीले जनाइसकेको थिए ।

### जापानद्वारा अस्थायी रुपमा सम्पूर्ण उडानमा प्रतिबन्ध

कोरोना भाइरसको नयाँ स्वरुप विश्वमा देखा परेपछि जापानले अस्थायी रुपमा बाह्य उडान प्रतिबन्ध लगाएको छ । उसले विदेशी नागरिकलाई जापान पयस्र्वेशमा समेत प्रतिबन्ध लगाएको छ । जापान सरकारले शनिबार विज्ञप्तिमार्फत यस विषयको जानकारी दिएका हुन् । विज्ञप्तिमा उल्लेख गरिए अनुसार प्रायः देशमा कोरोना भाइरसको नयाँ स्वरुप देखिएको करण सम्पूर्ण उडान प्रतिबन्ध लगाइएको छ । यो प्रतिबन्ध २८ डिसेम्बर देखि २०२१ जनवरीको अन्त्यसम्म जारी रहने छ । सानो उद्योगका लागि आवत जावत गर्ने जापानी नागरिकको समेत सम्पूर्ण यात्रामा प्रतिबन्ध लगाइएको छ । २८ डिसेम्बर भित्र जापान प्रवेश गर्ने जापानीलाई समेत दूई साता क्वारेन्टाइनमा बस्नु पर्ने अनिवार्य नियम लागू गरिएको छ । अन्य देशबाट आयने जापनी नागरिकमा नयाँ कोरोना भाइरस देखिएमा कोरोना नेगेटिभ नभएसम्म प्रवेशमा प्रतिबन्ध लगाइएको छ ।

### संयुक्त राष्ट्रसंघका महासचिवद्वारा शान्तिपूर्ण निर्वाचनको लागि आग्रह

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले नाइजरमा विधायिका र राष्ट्रपति निर्वाचन शान्तिमय र सुरक्षित गर्नुपर्नेमा जोड दिएको उनका प्रवक्ताले शनिबार बताएका छन् । गत डिसेम्बर १३ मा भएको स्थानीय चुनावको शान्तिपूर्ण आचरणको सम्झना गर्दै महासचिवले आइतवारको चुनावलाई समावेशी, शान्तिपूर्ण र सुरक्षित ढङ्गले सम्पन्न गर्ने सुनिश्चित गर्न सबै राष्ट्रिय सरोकारवालाहरुलाई आह्वान गरेको प्रवक्ता स्टेफान दुजारिकले जारी गरेको विज्ञप्तिमा जनाइएको छ । गुटर्रेसले प्रजातन्त्र र दिगो विकासको लागि नाइजरको प्रयासमा संयुक्त राष्ट्रसंघको प्रतिबद्धता दोहोर्याएको पनि विज्ञप्तिमा बताइएको छ ।

### चीनमा पाँच मध्ये एक जना उच्च रक्तचापबाट पीडित

चीनमा हरेक पाँचमध्ये एक व्यक्तिमा उच्च रक्तचापको समस्या देखिने गरेको तथा अरु रोगभन्दा रक्तचापबाट सबैभन्दा बढी व्यक्तिको मृत्यु हुने गरेको छ । एक अध्ययन अनुसार चीनमा करिब ३० करोड मानिसमा उच्च रक्तचाप देखिएको छ । चीनको राष्ट्रिय कार्डियोभास्कुलर डिजिज सेन्टरका प्रमुख हु शेङसाओले उच्च रक्तचापका बिरामीका लागि चीनमा बर्सेनि करिब ४ अर्ब ८८ करोड अमेरिकी डलर खर्च हुने गरेको बताए ।

उच्च रक्तचाप रोकथाम तथा नियन्त्रण सम्बन्धी राष्ट्रिय सम्मेलनमा सम्बोधन गर्दै उनले चीनमा मृत्यु र अशक्तताको प्रमुख कारकमा रक्तचाप देखिएको बताए । विश्व स्वास्थ्य संगठनका अनुसार उच्च रक्तचाप भएमा त्यसले मुटुमा गम्भीर क्षति पुग्ने, हृदयाघात हुने, मुटुले काम गर्न छाड्ने, मुटुको चाल अनियमित हुने, मृगौलामा क्षति पुग्ने तथा मुटुका धमनी फुट्ने वा बन्द हुन्छन् । यी गम्भीर स्वास्थ्य समस्या भएका व्यक्तिमा हृदयाघात हुने सम्भावना बढी हुन्छ । चिनियाँ नागरिकमा रहेका दिर्घ रोग र पोषण सम्बन्धी हालै गरिएका अध्ययनले १८ वर्ष वा सोभन्दा माथिको उमेरका व्यक्तिहरुमा उच्च रक्तचापका २७.५ प्रतिशत, मधुमेहका ११.९ प्रतिशत तथा उच्च कोलेस्टोरलका ८.२ प्रतिशत रहेको देखाएको छ । चीनले उच्च रक्तचाप, रगतमा चिनीको मात्रा बढी भएका र हाइपरलिपिडेमिया विरुद्ध जनवरीदेखि विशेष कार्यक्रम संचालन गर्ने तयारी गरेको छ । यी रोग भएका व्यक्तिको उपचार र नियन्त्रणमा सघाउँदै राम्रो व्यवस्थापन गर्ने उपायका बारेमा सचेतना फैलाउने चीनको योजना छ । यस कार्यक्रममा आबद्ध एक अधिकारी काई जूनले यस कार्यक्रमले प्रारम्भमा २ लाखभन्दा बढी व्यक्तिलाई समेट्ने र सन् २०२२ सम्ममा ३४ वटा जिल्ला र काउन्टीमा विस्तार गरिने जानकारी दिए ।

# पुरुष अधिकारमा एउटा दृष्टि



दामोदर ढकाल 'दीपक'

### विषय प्रवेश

यतिबेला मसँग एउटा पुस्तक छ । पुस्तकको नाम हो पुरुष अधिकार । समाज र संसार नारीवादी भइरहदा पुरुष अधिकार शीर्षक राखेर किताब निकाल्न सक्नु सानो तिनो वा अझ चलनचल्तीको भाषामा भन्नुपर्दा भँगेराको जत्रो मुटु भएका मान्छेलाई फलामको चिउँरा चपाउनु जत्तिकै हो । यसर्थ नरबहादुर बि.सि.को मुटु दह्रो छ । विश्वविजेता हिटलरको भन्दा साहित्य सिर्जनामा दह्रो मुटु भएका नरबहादुर बि.सि. को जन्म २०१६ साल भदौ २४ गते बराङ्जा, म्याग्दीमा भएको हो । नेपाली विषयमा स्नातकोत्तर गर्नुभएका बि.सी.को रगतको आँसु, मैले भेटाएका भूत प्रेत, मसान र बोक्सीहरू, रातो घाम , बराङ्जाको लोक संस्कृति , आक्रोशित नारी , पुरुष अधिकार, यूरोप डायरी आदि प्रकाशित भैसकेका पुस्तककार कृतिहरू हुन भने अप्रकाशीत पुस्तक कृतिको सूचि पनि निकै लामो देखिन्छ । यसैगरी गीत संगीतमा अत्यन्त रुचि राख्ने वि.सी. को गीत संगीतको लगावको बारेमा कुरा नगर्ने हो भने मान्छेको शरीरको कुरा गरेर आँखाको कुरा नगरे जस्तै हुन्छ । अथार्थ आँखाले संसार निहाल्छ । उहाँका पुस्कहरूलेभन्दा उहाँका गीत संगीतलाई धेरै दर्शक श्रोतादर्शकले मनपराएका छन् । उहाँका गीती क्यासेटहरूमा पानको पात, सोल्टीज्यू, लगन, मेचीदेखि महाकाली , युद्धविराम, सम्झना आदिको नाम मुक्त कण्डले श्रोता दर्शकले प्रशंसा गर्छन् । फेसबुकमा उहाँको एउटा अभियान र लहर छ यानीमायाको । आयातित साहित्यमा कलम चलाएर आफूलाई वरिष्ट ठान्नेहरूको अगाडि उहाँ शुद्द नेपाली ठेट शब्दमा लेख्न र मज्जाले गाउन मिल्ने यानिमायालाई संस्थागत गर्न लागिपर्नु भएको छ । उहाँको यो अभियानले एकदिन पक्कै शिखर छुने छ ।

ष्ः अहिले यहाँ चर्चा गर्न लागिएको कृति हो पुरुष अधिकार । यो कथासंग्रह हो । यसमा सोह्रवटा समाजिक कथा समेटिएका छन् । यसमा समावेश कथाहरू न पढ्नै गाह्रो हुनेगरीका लामा छन् न अचार खाएका जस्तै छोटा छन् । दाल भात तरकारी र अचार मिलाएर खाएजस्तो प्रत्येक पाठक उहाँका कथाहरू पढेर तृप्त हुन्छन् ।

### विषयवस्तु र शीर्षक

पुरुष अधिकार कथा संग्रहमा सोह्र कथा छन् । ती कथाहरू भित्रबाटै उहाँले पुरुष अधिकार कथालाई कथा सङ्ग्रहको नामाकरण गर्नुभएको छ । पाठकलाई लाग्न सक्ला यो कथासङ्ग्रहभित्रको सबैभन्दा उत्कृष्ठ कथा पुरुष अधिकार नै होला । तर यो भ्रम नपाल्नुहोस् यस कथा सङ्ग्रहका सबै कथा पढुँ पढुँ लाग्ने खालका रहेका छन् । गोरे, अन्जनाको अठोट, किर्ते तमासुक, पुरुष अधिकार, बोटे काहिंला, मलायाको लाहुरे, एन्जिला, साउने झरी, सुहागरात, घर, कैदी, दान दच्छिना, ढिकीचौरेका गाईभैसी, यस्तो पनि जीवन,हरि दाइ र मितेरी । मैले यी सबै कथाहरूको नाम किन लिइरहेको छु भने यी सबै कथामा हाम्रो समाज, भाषा र जनजीवन ओकलीएको छ । कथाको शीर्षक सुन्नासाथ पढुँ पढुँ लाग्ने खालका छन् । कथाको विषयबस्तु सामाजिक भएको कुरा पनि यी शीर्षकहरूले बताउँछ । समाजमा घटेका घटना र परिघटनालाई टिपेर समाजकै पात्रहरूद्वार समाज सुधारमा अग्रसर गराउने क्षमता यी कथाहरूमा पाइन्छन् । यसर्थ यी कथाले समाजको रूपान्तरणमा पनि ठूलो महत्व राख्छन् । यसर्थ यो कथा सङ्ग्रहलाई प्रत्येकले आफ्नो रको लाइब्रेरीमा राखी, हजुरबा पुस्ताले त्यतिबेलाको समय स्मरण गर्छन, बाबुपुस्ताले प्रजातन्त्रको लडाईको स्मरण गर्छन र अहिलेको नाती पुस्ताले वैदेशिक रोजगारीबाट उत्पन्न सामाजिक वेथिति आफ्नै जीवनमा पो घटेको हो कि भनी सोच्छन् । यसर्थ यो कथा सङ्ग्रह तीनै पुस्तालाई प्रतिनिधित्व गर्नसक्ने खालको सङ्ग्रह बनेको छ । भन्नुको तात्पर्य यो कथा सङ्ग्रह वृद्धले पढे पनि, अधबैशेले पढे पनि र युवाले पढे पनि सबैले आफ्नै कथा व्यथा हो भन्नेछन् । नरबहादर ज्यूमा भएको यो सबैभन्दा ठूलो लेखकिय क्षमता हो । यस्तो क्षमता एकदमै कम लेखकहरूमा मात्र हुन सक्छ । अहिले पाठकको उमेर समूह छुट्टाएर लेख्नुपर्छ भन्ने लेखकहरूको निम्ति ठूलो पाठ हो । अर्कोतर्फ अहिले कथाका विषयवस्तु खोज्न स्वदेश विभिन्न ठाउँ तथा विदेशमा जाने लेखकहरू पनि धेरै पाइन्छन् तर बि.सी.ज्यूलाई सामाग्री खोज्न कहिँ जानु परेन । उहाँले आफू वरपरका विषयवस्तुमै कलमलाई बगाउनु भयो । र यति मर्मस्पशी भाव बोकेका कथाहरू सिर्जना गर्नुभएको छ । यसर्थ यो सङ्ग्रहका विषयवस्तु र शीर्षकमा आफ्नोपना भेटिन्छ । यसर्थ नरबहादुर ज्यू विषयवस्तु र शीर्षक छनोटमा सफल हुनुहुन्छ, अनुकरणीय हुनुहुन्छ ।

### कथा, पात्र र संवाद

**गोरेः** यस सङ्ग्रहको प्रथम कथा हो गोरे । यो कथा सफलताको कथा हो । जसरी शालिकग्राम बन्न हिमालदेखि बग्दै बग्दै शिला कालीगण्डकी आइपुग्नु पर्छ त्यस्तै सफल बन्न संघर्ष र इच्छाशक्ति आवश्यक छ । भन्ने नै यो कथाको मूल शन्देश हो । त्यस्तै अर्को शन्देश जस्को हेला उसैको फेला भन्ने उक्तिलाई यो कथाले प्रमाणित गरेको छ ।

यस कथाका प्रमुख पात्रहरूः पूर्णबहादुर बानियाँ, चन्द्रकुमारी, गोरे, चमेली,प्रकाश सर, ज्योति, डा. विनय आदि ।

सौतेनी माम्लोमा आधिरित यो कथा पढ्दा हर कोही पाठकको आँखामा आँसु टलपल हुनपुग्छ ।

कथाबाट संवादःबर्बर्ती रुँदै र दुई हातले आँसु पुछ्दै गोरेले छक्क परेर सोध्यो, 'त्यसोभए मेरी आमा खै त ?' रणचण्डी झैं भएकी चमेलीले गोरेलाई टपक्कै टिपेर हुत्ताएर धुलोमा पछार्दै भनि, 'तँ अभागीले आफ्नी आमालाई त जन्मेको दिनमा नै खाई सकेको होस् । तेरो बाउले रातो बच्चा पाल्न अनेक कसम खाएर मलाई ल्याएका थिए । त्यसैले तँ अलच्छिना आमाटोकुवालाई भकारो सोहोराइन्छ, घाँस कटाइन्छ तर पढाइन्न बुझिस....।'

गोरे कथा कथाकारले २०५७ साल मंसीर १३ गते बालुबारटार काठमाडौंमा बस्दा लेख्नुभएको कुरा समेत उल्लेख गर्नुभएको छ ।

**अन्जनाको अठोटः** यस सङ्ग्रहको दोस्रो कथा हो अञ्जनाको अठोट । यो कथामा बाबु कैदी हुँदा सन्तानले भोग्नु पर्ने मानसिक यातनालाई अत्यन्त मर्मस्पशी रूपमा प्रस्तुत गरिएको छ । समाजका विभिन्न व्यत्तिले प्रहार गर्ने वचनवाणले बालकको मस्तिष्कलाई दिने चोट र मर्मलाई उजागर गरिएको छ । अनि अर्को तर्फ सन्तानको समस्या नबुझी हप्कीदप्की गर्ने अभिभावकले पनि आफ्ना सन्तानलाई गाली गर्नू पूर्व सोच विचार गर्नुपर्ने शन्देस प्रवाह गरेको छ ।

यसकथाका प्रमुख पात्रहरूः अन्जना, अमृत, प्रभा आदि ।

यस कथामा औंसीया अर्थात् औंसी तीथिमा जन्मने बच्चाहरूलाई समाज भन्ने नराम्रा शब्ल अलच्छिना शब्दको प्रयोग भएको छ । यसले पार्ने असरले पारेको प्रभावले सबैको मन कटक्क खान्छ । पाठकहरू भावुक र दुःखी बन्छन् , नचाहँदै नचाहँदै आँसु बगेको पत्तो नै हुँदैन ।

कथाबाट संवादः भर्खरै कुखुरे बैंसले छपक्क छोपेकी उत्ताउली कुच्ची भुण्टेकै बोलीमा लोली मिलाउँदै सानी केटी सेतीलाई रुखो तरिकाले सुइरोले घोची । ' तँ अलच्छिना केटी पिङ खेल्नु हुँदैन पो, तँ खेले त यो पिङ नै छिन्छ, तँ औंसीको कालो रातमा जन्मिएकी अलच्छिना औंसीया होस् त्यही भएर त तेरो न्वारान पनि गर्न नपाई तेरो बाउलाई पुलिसले पक्रेर झ्यालखानामा तोरेको अनि तेरो बाजे पनि तँ जन्मेको महिनामा मरेको ....। तँ जस्ता अलच्छिना केटीको त बिहे नै हुन्न । यस्तालाई कस्ले पो लान्छ र....। औंसीयाले पोइ टोक्छन रे...हिहिहि.....।'

अञ्जनाको अठोट कथा कथाकारले २०५५ साल असोज २७ गते बाग्लुङको गहतेमा बस्दा लेख्नुभएको कुरा उल्लेख गर्नुभएको छ ।

**किर्ते तमसुक :** यस सङ्ग्रहको तेस्रो कथा हो किर्ते तमसुक । गाउँका जाली फटाहाहरूले सोझा सिधा गाउँलेलाई उठिबास लगाउन प्रयोग गर्ने शक्तिशाली कागजी हतियार तमसुकले उब्जाएको कथा व्याथालाई यस कथामा उल्लेख गरिएको छ । हाम्रो समाजमा भएको दर्दनाक वास्तविकता एकदमै मर्मस्पशी र तुनानात्मक दृष्टिकोणले प्रस्तुत गरिएको छ ।

यस कथाका प्रमुख पात्रहरूः कल्पु, बिजु,सासु, आमा, साहिँलो साहू आदि ।

साहूको किर्ते तमासुकलेको कारण घर छोडेर हिंडेको बिजु, कल्पु र उसकी सासुले भौग्नुपरेको सास्ती पढ्दै जाँदा घरी निराशा त घरी विद्रोहको भावना पैदा हुन्छ । नचाहँदा नचाहँदै पाठक यो कथा पढ्दा पनि आँसु छछल्काउन विवश बन्छ । सबै भन्दा राम्रो कुरा यसमा तुलनात्मक आंकलन रहेको छ ।

कथाबाट संवादः 'आमा ! मेरा लागि संसारै अँध्यारो छ , कसरी हासूँ ? जुन भन्ने जीवनका उज्याला चन्द्रमा आकाशमै छैनन्, कुन मुलुकमा पुगेर खाएका छन् कि भोकै छन् ? हाँस्दै छन् कि आँसुमा डुबेका छन् ? जिँउदा छन् कि केहि पो भए ?? म कसरी यहाँ ढुक्क हुन सक्छु ?' कल्पुले आन्तरिक र वास्तवीक पीरका पोका खोल्छे आमासँग ।

आमाले सम्झाउँछिन्, 'तेरा मात्रै हैन बाबै ! धेरैका लोग्नेले घर छाडेका छन् , 'रुख चढेको एकदिन भूँइमै झर्छ, परदेशिएको एकदिन घर फिर्छ ।' यहि सम्झेर चित्त बुझाउनु पर्छ ।'

किर्ते तमासुक कथा कथाकारले २०३८ साल असार ३ गते नमुवा, बराङ्जा म्याग्दमा बस्दा लेख्नुभएको कुरा उल्लेख गर्नुभएको छ ।

**पुरुष अधिकारः** यस सङ्ग्रहको चौथो तथा सम्पूर्ण सङ्ग्रहको नाम बोकेको कथा हो पुरुष अधिकार । भनिन्छ छोरा मान्छेको जूनी गधाको जूनी हो बाँचुनजेल व्यवहारिकताको बोझ खेपिरहनुपर्छ । पुरुषले सधैं विश्वाशमा चल्नुपर्छ । आफ्नै अर्धाखिचीले घात गर्दा भोग्नपरेको पीडा, श्रम पसिना बगाएर कमाएकै पैसाले आफ्नैले रित्याइदिएको सामाजिक र अहिलेको अवस्थामा फेसनकै रूपमा चलेको परिघटनाले सिर्जित भएको कथा हो पुरुष अधिकार ।

यस कथाका प्रमुख पात्रहरूः दीनानाथ, , बुधीकला,मङ्गले आदि।

यो कथामा श्रीमतीले गरेको विश्वाशघात र कानुन पनि महिलामैत्री भएकोले विचरा श्रम बेचेर पैसा कमाएर पनि घर न घाट बन्नुपरेको युवाको व्यथा पढ्दा मन कटक्क खान्छ र आङग् जिरिङ्ग भएर आउँछ ।

कथाबाट संवाद : मङ्गले आफैं अगाडि बढ्यो । 'अति भएपछि खति नै सहनुपर्दो रहेछ । मेरा आफ्नै आँखाले उसका कुकृत्यका चर्तिकला झलझली देखेँ तर ऊ भने टसको मस हुने होइन । उल्टै मै माथि डर, धाक र धम्की देखाएर आफू चोखी भएर उम्कन खोज्छे र मेरै दोष देखाएर मेरो कमाईको सर्वस्व हरण गर्न खोज्छे भने म अझै पनि कति चुप बसुँ त दाइ ? खोइ त मेरो पुरुष अधिकार ?'

पुरुष अधिकार कथा कथाकारले २०६४ भदौ २० गते बानियाँटार काठमाडौंमा लेखेको कुरा उल्लेख छ ।

**बोटे काहिंला :** यस सङ्ग्रहको यो पाँचौ कथा हो बोटे काहिंला । यो कथामा माओवादी जनयुद्धमा भएको विभत्स घटनाको बारेमा बताइएको छ । जनयुद्धको बेला सुरक्षाकर्मीले माओवादीका नाममा दिइएको यातनाको बारेमा बताइएको छ । जनकारकार भनेर माओवादीले बनाएका प्रतिनिधिहरूले देशैभरि भोगेको प्रतिनिधि घटना हो यो । यस्तो विभत्स र कहालीलाग्दो घटना प्रस्तुत गरिएको कथा हो बोटे काहिंलो ।

यस कथाका प्रमुख पात्रहरूः बोटे काहिंलो, उसकी श्रीमती छोराछोरी र सिपाहीहरू आदि ।

यो कथा पढिरह्दा बलात्कार, यातना र बच्चालाई समेत निर्मम प्रहारको कारुणिक दृष्यले हर पाठकलाई वदलाको भाव र यातनाकर्मीहरू माथि अमानवियताको चरित्र ढल्काउछ ।

कथाबाट संवाद : गा. ज. स प्रमुख बनाएको ताका कुनै दिन बोटे काहिँलाले भन्ने गर्थ्यो , 'जहानियाँ राणा शासनकाल सुनियो, एकदलिय निरङ्कुश पञ्चायत काल पनि भोगियो र बहुदलिय काङ्ग्रेस र एमालेको प्रजातन्त्रकाल पनि देखियो , बेहेरियो । सबैले देश र जनताको नाम पुकारे तर सिन्को भाँचेनन् । त्यसैले अब यो देशको र गरिब जनताको मुक्तिको लागि लडेको 'माओवादी केहि गर्छ भने त्यसैले गर्ला' जुन जोगी आएको कानै चिरेका भनेर भन्नु चिरेका भनेर भन्नु पर्ला ।'

**मलायाको लाहुरे :** यस कथा सङ्ग्रहको यो छैटौं कथा हो । यो कथामा गरिब र धनीको छोराहरूको दैनिकीलाई एकदमै मिहिन दृष्टिबाट केलाइएको छ एकातर्फ भने अर्कोतर्फ स्वदेशी र विदेशी कमाईको पनि तुलनात्मक विश्लेषण गरिएको छ । विदेशको कमाइ भनेको मुतको न्यानो मात्र हो । स्वदेशको कमाइ सानै भए पनि जरुवाको मूल जस्तै हो भन्ने भावप्रधान कथा बनेको छ ।

यस कथाका प्रमुख पात्रहरू : म, नरेश आदि ।

यो कथा पढिरहदा म पात्रले नरेशलाई गरिव भएर हेपेको दृष्टान्त र पछि पश्चातापको भावना उत्पन्न हुनु र स्वदेशको कमाईको कुराले पाठकहरूलाई स्वदेशप्रतिको माया ममता दर्शाउछ ।

कथाबाट संबाद : नरेशले आज भन्दा तीनवर्ष अगाडि भनेको वचन , 'म पनि मलायामा भर्ती हुन सकेको भए त ....।' भन्न लाग्यो भने म बीचैमा उसको मुख टाल्दै भन्नेछु , 'नरेश चुप लाग चुप , स्वदेश भनेको स्वदेशै रहेछ रहेछ यहाँको चिसो हावापानी र मीठो साग सिस्नु संसारका सबै चौरासी व्याञ्जन भन्दा धेरै मीठा छन् । तिमी स्वदेशको झुपडी मै बसेर पनि देशको सेवा गर्‍यौं , ज्ञानको दियो बाल्यौं । म विदेशीको गुलाम बनेर जीवनमा नक्कली बिजुली बाल्ने व्यर्थको प्रयास गरें । तिमी महान छौ, म नीच । तिमीले जान्यौं मैले विराएँ ।

यो कथा २०३७ साल असार २१ गते नमुवा , बराङ्जा म्याग्दीमा बस्दा लेख्नृनु भएको कुरा उल्लेख छ ।

**एन्जिला :** यस कथा सङ्ग्रहको यो सातौ कथा हो । यो कथामा राजनैतिक रुपान्तरणका लागि लागिपरेका यूवा शक्ति माथि पुलिस प्रशासनले गर्ने हप्कीदप्की र यातनाका कुराहरू जिवन्त ढंगमा प्रस्तुत गरिएको छ । राजनैतिक परवर्तन त्यति सजिलै आएको होइन भन्ने तथ्य उजागर गरिएको छ ।

यस कथाका प्रमुख पात्रहरूः बिक्रम, एन्जिला, प्रहरिहरू आदि

यो कथा पढिरहँदा आफ्नो बाबुलाई पक्रिएपछि विद्यालयमा पढिरहेकी बालिकामा परेको मनोवैज्ञानिक असरबारे मर्मस्पशी भावमा उजागर गरिएको प्रस्तुतिले पाठकहरूलाई बाधेर राख्छ ।

संवादः 'मेरो बुबालाई पुलिसले लग्यो.......गोली हानेर मार्छ रे.....साँच्चै नै मार्‍यो भने मैले कोलाई बुवा भन्ने ? ...... म त टुहुरी हुन्छु नि त.....तर बुवालाई मार्‍यो भने म पनि ठूली भएपछि सबै पुलिसहरूलाई गोली हानेर मार्छु .....मेरो बुबाको रगतको बदला रगतैले लिनेछु ।'

यो कथा लेखकले जिल्ला प्रहरि कार्यलयको हिरासत बाग्लुङमा बस्दा २०५५ साल बैशाख १५ गते लेख्नुभएको उल्लेख गरिएको छ ।

**साउने झरीः** यस कथा सङ्ग्रहको आठौं कथा हो साउने झरी । यो कथामा पनि परिवर्तनका कुरा उठाइएको छ । शोसकवर्ग र श्रमीक वर्ग बीचको विभेदलाई उजागर गर्न खोजिएको छ । जनचेतना र समाजको तुलनात्मक विश्लेषण नै यो कथाको मुख्य आर्कषण हो साहित्य मार्फत समाजसेवा गर्न सकिन्छ भन्ने प्रमाण पनि हो यो कथा तर दैवी प्रकोपले योजना मोडिएको प्रसङगले कथाकारले खुबै चलाखीपूर्ण शन्देस प्रवाह गर्नुभएको छ ।

यस कथाका प्रमुख पात्रहरूः रिठे झाँक्री, ,म माझगाउँले ठिटी, मुखीया बा, धने, वीरे, मास्टर साहेव शन्ते आदि।

यो कथा पढिरहदा पाठकहरूले गाँउमा बसेर ढ्याङ्ग्रो ठोकिरहेको झाक्रीदेखि गाउँमा पाखामा गुन्जने गीत साहुको खेतको रोपाई, जनचेतनाको लहर हुँदै दैवी प्रकोपले बाडी पैह्रौलाई निरङकुश सत्तासँग जोडेर हेरेको वेजोड कथाको रसास्वादन गर्न पाउँछन् ।

संवाद : दृढ भएर धनेले सबैका सामु प्रस्ताव राख्यो, ' त्यो हो भने यो सत्य कुरा बुझाउन हामीहरू सबै हामी जस्तै शोषित पीडित गरिबहरूको प्रत्येक झुपडी, छाप्रो र घर घरमा पुगौं । हामीलाई जुकाले जस्तै चुसेर ढाडिएको नजिकैका दुश्मनहरू र तिनलाई पनि अन्न पानी र सुखी जिन्दगानीको वरदान दिने मुख्य नाइके चिनाई दिउँ अनि तिनको र हाम्रो एउटै बलियो एकता बनउँ कि कसो ।'

यो कथा कथाकारले २०४० सालमा नमुवा , बराङ्जा माग्याग्दीमा रहँदा लेख्नु भएको उल्लेख गरिएको छ ।

**सुहागरातः** यस कथा सङ्ग्रहको नवौं कथा हो सुहागरात । सुहागरात भन्नसाथ दुई तन एक हुने रोमाञ्चक रात भन्ने बुझिन्छ तर त्योरात रोमाञ्चक नबनेर खल्लो बनेको छ । प्रेम विवाहमा केटा केटी राजी भएर गर्छन तर बिहे भइसकेपछि खल्लो बनेको छ । धनी र गरिव बिचको खाडल यसमा पनि उजागर गरिएको छ । मन बादल जस्तै उडिरहन्छ वा परिवर्तन भइरहन्छ भन्ने तथ्य यो कथाले मज्जासँगले प्रमाणित गरिदिएको छ ।

यसकथाका प्रमुख पात्रहरूः बीना, मने, लोकन्ती गएकी विषवृक्ष महिला, बीनाका बाआमा, दाजु इत्यादी ।

यो कथा पढिरहदा पाठकहरूले शुरुमा निराशाको अनुभूति गर्छन तर कथाको उतराद्धमा भने सम्हालिएको मनको अन्तरद्वन्द्ध र खल्लो सुहागरातमा चित्त बुझाउछन् कथा उत्कृष्ट र दोह्रोर्याएर पढ्न थाल्नेछन् ।

संवादः बिहेमा लोकन्ती भएर आएकी महिलाले मनेको दरिद्रता देखेर उसको मनमा तुस पलायो । त्यो विषवृक्ष महिलाले ती दुवैको प्रेमलहराको जरो काट्ने सुर कसी । त्यसले बीनाको कान फुकेर दिमागमा मन्द बिष घोल्न थाली , बीनाको दिमाग हल्लाउन उसले भनी, 'बीना तैलें मनेसँग बिहे गरेर राम्रो गरिनस् । त्यत्रा धनी बाउकी छोरीले यो दरिद्र रोजेर खानदानिया परिवारको नाकै काटिस् । मलाई सबै थाहा भयो । मनेले पुरा रिन गरेर बिहे गरेको रहेछ । न गतिलो घर , न खेतबारी, तँ गुजारा गर्छेस कसरी ? त्यो रिन तिर्न तँ नै अर्काकी नोर्कनी हुनुपर्ला जस्तो छ । बरु बेलैमा बुद्धि पुर्‍याएर यसलाई छाडि दे । अर्को हुनेखाने केटाको बन्दोबस्त मै मिलाउँला ।'

यो कथा लेखकले २०३७ साल पौष ६ गते नमुवा, बराङ्जा, म्याग्दीमा बस्दा लेख्नुभएको उल्लेख छ ।

**घरः** यस सङ्ग्रहको दसौं कथा हो घर । घरको भन्नाले मुन्टो लुकाउने ठाउँ जहाँ दिनभरि थाकेर आउँदा आनन्दले विश्राम पाइयोस मीठा निद्रा लागोस् घरमा परिवारका सदस्यसँग हाँसी खुसी सुख दुःखका कुरा गर्न पाइने ठाउँ भन्ने बुझिन्छ होला तर यहाँ यो घर कथा यति पृथक पहिचान सँग उभिएको छ । कथाकारले घर र मस्तिष्कको सम्बन्धलाई जोडदार रूपमा उभ्याउनु भएको छ । यो कथा आजका नवधनाड्यहरूलाई झापड हाने जस्तो लाग्यो । अतित र अस्तित्व विर्सनेहरूलाई सम्झाउन खोजे जस्तो लाग्यो ।

यस कथाका प्रमुख पात्रहरूः म, आमा, विधवा, बूढीकन्या, श्रीमती, छोरा, सासु आदि

यो कथामा चार घरको कथा जोडिएको छ । पाठकले पढिरहदा यस्ता घर बनाउने पात्रहरू प्रशस्त दिमाग वरीपरी आउनेछन् र पत्ता लगाउनेछन् वास्तवमा त्यो धेरै घर फेर्नेको मन चाँही कुन घरमा गएर अडेको हुन्छ ।

संवाद : ' यो घर नढाँटी भन्दा , के यो मेरै घर हो त ? होइन कदापी होइन । यो त पक्कापक्की छोराको आर्जनले किनेको घर हो । त्यसो भए आफ्नै जिल्ला सदरमुकाम (सानु सहर) को घर मेरो हो त ? अहँ, त्यो पनि मैले बनाएको मेरो घर होइन । आफ्नो घरमा त मान्छे विपनी सपनी प्रत्येक पल रमाउनु पर्छ । त्यो मेरो घर हुँदो हो त म त्यहीं रमाएको हुन्थें । ल ठिकै छ मेरो भौतिक शरीर त्यहाँ नभएकोले विपनीमा त्यहाँ म अनुपस्थित भएँ रे तर प्रत्येक सपनीमा नभए पनि कुनै सपनीमा त म त्यहाँ रमाएको हुनुपर्ने हो खोई त ? कुनै सपनीमा पनि म त्यहाँ हुन्न न त्यो घर मेरो सपनीमा आउँछ ।'

यो कथा कथाकारले २०६४ साल असोज १४ गते बानियाँटार काठमाण्डौंमा लेखिएको उल्लेख गरिएको छ ।

**कैदीः** यस सङ्ग्रहको एघारौं कथा हो कैदी । यसकथामा कैदीलाई प्रहरिले कसरी यातना दिन्छन् । हामीले राजनेता भनि चुनावमा भोट दिई पठाएका मन्त्रीहरूमा हुने अमानविय चरित्र र धन र पदको लोभले गर्दा चुप बस्ने साथी र उसका बाध्यता र विवशतालाई उजागर गरिएको छ । सरकारले चाह्यो भने कसरी मान्छेलाई सिद्धाउन सक्छ भन्ने दृष्टान्त यो कथामा भेटिन्छ ।

यस कथाका प्रमुख पात्रहरूः म, हर्के, डि.एस.पी. , मन्त्री, सि.डी.ओ आदि

यो कथा पढिरहदा धन र पद गुम्ने खतारामा चुँ समेत नबोल्ने साथी, मदिराले लठ्ठ भएर ज्यान मार्न उद्दत मन्त्री, सि.डि. ओ. र डि.एस.पीका कला कर्तुत पढ्दा पाठकहरूको खुन उम्लेर आउँछ । संवाद : डि. एस. पि. को बोलीमा लोली मिलाएर मन्त्रीले सही थापे, 'हो...हो.... डी.एस.पी. सा'पको कुरा ठीक हो, यसलाई आजै गोली ठोक्नै पर्छ । मार्ने पर्छ । कति मज्जा थियो पञ्चायतकालमा हामीलाई , यस्तै दुष्टहरूले गर्दा पञ्चायत गएर बहुदल आयो...तैविसेक

**क्रमशः**

## तत्काल.......

लगाए । राष्ट्रलाई निकास दिने हो भने बहुल राष्ट्रिय मञ्चलाई सत्ता सुम्पिनु पर्ने उनको भनाई थियो ।

मञ्चका अर्का नेता रामबाद लिम्बूले देश खतराको दिशा तिर जाँदै गरेको बताए । उनले सबै जातजातीको सम्मेलन गरेर देशलाई निकासको बाटो तिर लैजानुपर्नेमा जोड दिए ।

## कांग्रेस....

खेलाडीको परिचय बनाएका ओलीले अर्को अस्त्र नहान्लान् भन्न सकिदैन । प्रचण्डले भनेजस्तै ओलीको बोलीमा फुरुङ्ग बनाउने क्षमता छ । अहिले देउवा फुरुङ्ग भएका छन् ।(

## काठमाडौं.......

नेपालीलाई मार्ने मराउने र हत्तियार उसैले दिने गर्दै आएको देखिन्छ । घटनाले त्यस्तै देखाउछन् ।

एउटा पक्षलाई उचालेर आन्दोलनमा लगाउने त्यसलाई उसैको रोहबरमा सम्झौता गराउने त्यो पक्ष सरकारमा जान नपाउदै अर्को पक्षलाई बिरोध गर्न उसैले उचाल्ने पार्टीको नेता बनाईदिने उसैलाई अवैध पैशा स्रोत साधन उपलब्ध गराईदिने र त्यो स्रोत साधन प्रयोग गरेर रातरात छोटो समयमा नेपालमा अर्को अबैध शक्ति निर्माण हुने त्यो अबैधलाई नेपाली जनताको चाहना नहुदा नहुदै पनि बैध राजनीतिक शक्ति मान्नुपर्ने चलनको जातोमा नेपाल देश र नेपाली जनता पिसिदै आउनु परेको छ । त्यसको असरले नेपालमा ठुला लगानीका निजी उधोग खोल्न सकेका छैनन् । बिदेशी लगानी नगन्ने मात्रमा छ । थोरै जनसंख्या अथाहा भुगोल र प्राकृतिक स्रोत साधन भएको नेपालमा ति स्रोत साधन प्रयोग गरेर नेपालीहरुलाई ठुला ठुला उद्योग कलकारखाना खोलेर रोजगार दिनुको अलवा बिदेशीलाई समेत नेपालमा रोजगार दिनसक्ने क्षमता सम्भावना भएको नेपाल आज नेपालीहरुले बिदेशमा गएर काम गर्नुपर्ने बाध्यता छ । राजनीतिक पार्टीहरुले परिवर्तनको नाममा

कागजमा योजना बनाएपनि त्यो योजनाको कागजको पानामा खोस्टासरी कतै दराजमा थन्किएर बसेको हुन्छ । नेपालीलाई नेपाल देशभित्रै रोजगार सृर्जना गर्नसक्ने धेरै सम्भावना हुदाहुदै पनि त्यो कहिल्यै कसैले गरेका छैनन् । गदैनन् त्यो नगर्नुको कारण छोटो समयमा अरुले अराएको अरुले स्रोत साधन प्रयोग गरेर पार्टी बनाईदिएकाहरुले नेपाल देशको हितमा काम गदैनन् त्यही नेपालमा भएको हो ।

अहिले पछिल्लो समय पनि त्यस्तै अस्थिरताको बिउ रोपिएको छ । नेपालको भुमि भारतले उसको नक्सामा समेटेर प्रकाशन गरेपछि नेपालका नेपालीहरुले नालापानी युद्धको ईतिहाँस ब्युझाउने गरी राष्ट्रिय एकता सबै नेपाली एकढिक्का भएका थिए । त्यसको सन्देश बिश्वमा बीर गोर्खालीका सन्तान उठेको भान गराएको थियो । तर युग त्यतिवेलाको थिइएन । नेपालीलाई परनिर्भर बनाउने योजना ७० बर्ष अगाडी नै बनाई सकेर फसाई सकेको र आर्थिक रुपमा कमजोर चेतनाको रुपमा शक्तिको आडमा सरकार चलाउने गिराउने थिति बसाइसकेको हुनाले नेपालीहरुको राष्ट्रिय एकतामा बिभाजन ल्याउन खेलिएको खेलमा राजनीतिक पार्टीका नेताहरु लागेपछि नेपालीहरुमा बिभाजन आएको छ । नेपालको भारतले हड्पेको भुभाग फिर्ता गर्ने बिषयको मुद्दा ओझेलमा परेको छ ।

काठमाण्डौ उपत्यका लगायत अन्य शहरहरुमा ठुला ठुला जुलुस धर्ना हुन थालेका छन् । यतिधेरै मानिसहरु जम्मा भएर जुलुस धर्ना अरुलाई गाली गर्न प्रयोग हुने शक्ति गाउँ गाउँमा बाजो बनेर सक्रिय जनशक्तिको अभावमा सिरु उम्रेर बसेका बारी खन्न लगाए नेपालको आत्मनिर्भर त्यहीवाट शुरु गर्न सकिन्थ्यो होला सधै राजनीतिको नाममा सदस्यता बाडेर देशभरीका कामगरी खाने जनतालाई भाषण सुनाएर बरालेर मागिखाने बनाउने र पार्टीका नेतृत्व गर्नेहरुको मात्रै होटल, बैक, उधोग, चारपाच रोपनी क्षेत्रफलमा घर बगला, २ करोड सम्मका निजी प्राडो चढेर कार्यकर्ताहरुलाई दास बनाउने चलन के बिदेशीले बनाई दिएको योजनामा यिनिहरुले नेपालमा लागु गरेका हुन् । त्यसकारणले नेपालमा परिवर्तनको नाममा नेपालको बिकास नभएको मान्न सकिन्छ ।

अहिलेको परिस्थितिलाई पर्ख र हेरको अवस्थामा जनता ।

नेपालमा उठेका परिवर्तनका नामका आन्दोलन कहिल्यै नेपाल देश र नेपाली जनताको हितमा भएनन् । त्यसकारण यतिवेला देखिएको नेपालको अस्तब्यस्त जस्तो देखिएको पार्टीभित्रको विवाद कार्यकर्ताको मुक्कामुर्गी र सडकमा गएर हामी याहा छौ भन्दै छातीमा टासेर देखाएको पोष्टरले हिजोका दिनमा जस्तो जनताले आज नै पत्याउने दिन छैन । यो नेकपा भित्रको कुरा भयो । अर्को समाजवादी जनता पार्टी भन्नेले पनि आन्दोलन गर्ने नाममा जुलुस निकालेको देखिएको छ । जसमा १० बर्षसम्म युद्धको नाममा १७ हजार मानिसको हत्यामा संलग्न डा. बाबुराम भट्टराई र तराईमा जतिय हिंसा मच्चाउने उपेन्द्र यादव जस्ता नेताले नेतृत्व गरेको पार्टी हो ।

अर्को नेपाली कांग्रेस जुन पार्टीले लोकतन्त्रको कुरा गदै आएको छ । कांग्रेसले पनि आन्दोलन गदै आएको छ । जुन पार्टीको नेतृत्वमा सरकार भएको बेला दुईपटक संसद बिघटन भएको ईतिहाँस छ । एउटा संसद बिघटन गर्ने सभापति स्वर्गीय गिरीजा प्रसाद कोईराला हुन् भने अर्को हालका पार्टी सभापति सेरबहादुर देउवा नै हुन् ।

त्योभन्दा फरक पार्टी नभनिएको तर पार्टी जतिकै मानिस उतारिहरेको नागरिक आन्दोलन परिचालन नाम दिएको समुह जसले नेपाली राष्ट्रिय झण्डा बोकेर ठुलो संख्यामा राजतन्त्रको माग गर्दै आन्दोलन गरिरहेको छ ।

अरु थुप्रै खालका भुरे, टाकुरेहरुको आन्दोलन पनि बेला बेलामा माईतीघर र रत्नपार्कको शान्तिवाटिकामा देखिन्छ ।

यसको मुल निचोड हो देशमा अस्थिरता निम्तिदै छ ।

यि ठुला साना पार्टी, वा नागरिक समाज जो जो जता भएपनि नेपाली नागरिक हुन् । कतिले जानेर गरेका होलान् । कति अराइएका होलान् । कतिपय नेपलमा बिकासको सपना देखेर पनि लागेका होलान् । परिवर्तन आफ्नै पालमा सम्भव हुन्छ भनेर तर बिषय त्यो मात्रै होईन । परिवर्तन पछि बिकास भएका उदारण नेपालले कहिल्यै पाएन । त्यो नपाउनको कारण नेपालले नेपालमा फलाएको बिउ नेपालमा रोपिएन । त्यसकारण नेपालको पक्षमा कुनै पनि परिवर्तनले काम गरेन । बिगतका आन्दोलन कोही भारतीय नेपालमा आएर हामरे आन्दोलन आगे बढे बढे हे नै रोकिङगे जस्ता नाराहरु लगाएर २०४६ ल्याइएको र २०६२ दिल्ली सम्झौता गरेर ल्याईएको थियो । त्यो हेर्दा माओवादी युद्धमा नेपालीले नेपालीलाई मार्न त्यतैको सहयोग रहेछ । भन्ने देखिए जस्तै अहिलेको आन्दोलन पनि नेपालको पक्षमा होकी होइन ? नेपालका वास्तविक राष्ट्रवादी धार त्यसमा छकी छैन ? अनुभवी, दक्ष, सक्षम खालका नेतृत्व त्याहा छन्की छैनन् ? यो नागरिक आन्दोलनको हकका मात्र जनताले हेरिरहेका छन् । नेपाललाई दिर्घकालीन रुपमा बिकास गर्ने पत्यारिलो आधार त्यो नेतृत्वमा छकी छैन ? नेपाल बिकास गर्ने राजनीतिक निष्ठा, त्यागी, आर्दशवान, योजना बनाउन सक्ने मात्रले नेतृत्वकोमा भाग लिन पाउने भाग लिएकाहरुले प्रतिस्पर्धा गर्ने प्रतिस्पर्धाको पनि प्रतिस्पर्धा गराएर उत्कृष्ट योजना र ब्यवहारिक आधारहरु भएको नेतृत्व नम्बरिकको आधारमा नेतृत्व स्थापित गर्ने योजना छकी छैन ?

यो बिश्वसनीय आधार नदेखाएसम्म नेपाली सर्वसाधारण जनताले साथ दिने अवस्था देखिदैन ।

आन्दोलन भईरहलान् । देशमा अस्थिरता भईरहला तर देशलाई बिकास गर्न सक्ने, नेपालको लोकल बिउ होकी होईन यो नछुट्याई नेपाली जनताले बिश्वास गर्ने छैनन् । परिवर्तनको नाममा अलि अलि शान्ति भएको नेपालमा फेरी अस्थिरतामा धकेलेर नेपालको आर्थिक, राजनैतिक, सांस्कृतिक, भाषिक सवै कमजोर बनाउने बिदेशी योजनामा कतै यो आन्दोलनले काम त गरेको छैन ? यो प्रश्नको उत्तर प्रष्टसँग जनतालाई आधार सहित ब्यख्या गर्नसक्ने क्षमता भएको नेतृत्व आयो भने नेपाले खोजेको यो परिवर्तन ठिकै हुनसक्छ । त्यस्तो पत्यारिलो नेतृत्व प्रष्ट नहुनजेल सम्म सर्व साधारण नेपालीले आन्दोलनमा सहभागी हुने देखिदैन । यो चेत सबै बुझेका हौ र राजनीति पार्टीका नेता कार्यकर्ता हौ भन्ने अर्धचेत भएकाहरुले अझै धेरै बुझ्नुपर्छ । किनकी राजनीतिक साना गल्तीहरुले देशको अस्तित्व संकटमा पर्नसक्छ । जसरी सिक्किममा लेण्डुप दोर्जेले अल्प ज्ञानका कारण सिक्किमको स्वतन्त्रता गुमाएका थिए ।

## असन्तुष्ट........

कम्पनीको केयर सेन्टरको फोन टोल फ्रि हुनुपर्ने लगायतका माग पनि राखेका थिए ।

## नागरिकता किर्ते गर्ने पक्राउ

झापा । नागरिकता किर्ते गरेको अभियोगमा ३ जनालाई शनिबार प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा गौरीगंज गाउँपालिका(३ बस्ने ईलाका प्रशासन कार्यालय गौरिगंज झापाका कार्यालय प्रमुख ३७ वर्षीय धनन्जय कुमार शाह, सोही गाउँपालिका ६ बस्ने सोही कार्यालयका कार्यालय सहयोगी २४ वर्षीय आसिर आलम र गौरादह नगरपालिका ७ बस्ने ५९ वर्षीय कृष्ण प्रसाद तिम्सिना रहेका छन् । जिल्ला प्रशासन कार्यालय झापाले गौरादह नगरपालिका ७ ठेगाना देखाई अमृत राई (नागरिकता नम्बर ०४(०६-७७-००५९१), दिपिका राई (नागरिकता नम्बर ०४-०६-७७(००५९२) र बिशाल राई (नागरिकता नम्बर ०४-०६(७७-००५९३) लाई नागरिकता बितरण गरेकोमा नागरिकता सम्बन्धी कुनै पनि अभिलेख इलाका प्रशासन कार्यालय गौरिगंजमा नभएकोले उक्त नागरिकताहरु किर्ते गरेको हुन सक्ने भएकोले थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो ।

# विइङ ह्युमन क्लोथिङ नेपालले मनायो सलमान खानको ५५ औं जन्मोत्सव

काठमाडौं । बलियुड अभिनेता सलमान खानको ५५ औं जन्मज्यन्तीको अवसरमा सलमान खानले संचालन गरेको व्यवसाय विइङ ह्युमन क्लोथिङ नेपालले नेपालकै बहुचर्चित दरवार मार्गमा रहेको किङ्स् लाउन्जमा विशेष कार्यक्रमको आयोजना गरेर सलमान खानको जन्मोत्सव मनाएको छ ।

आयोजित कार्यक्रममा विइङ ह्युमन क्लोथिङ नेपालका अध्यक्ष राजु थापा,नेपालका वरिष्ठ नायक भुवन केसि, शिव श्रेष्ठ,खलपात्र प्रसान्त ताम्राकार ,नायक शिव श्रेष्ठ,वरिष्ठ ऋषि धमला,चलचित्र बितरक गोविन्द शाही,नायिका सुस्मा कार्कि, नेपाल फुटबल टिमका पुर्व क्याप्टेन हरि खडका ,कोरियोग्राफर र ाजकुमार दर्जी लागएत व्यापारी फ्यानहरुको सयौं संख्यामा उपस्थित रहेको



विइङ ह्युमन क्लोथिङ नेपालका संचालन सुरज केसीले जानकारी दिएका छन् ।

कार्यक्रमको प्रमुख अतिथी वरिष्ठ पत्रकार ऋषि धमाला थिए। धमलाले सलमानको नाम र फोटो अंकित केक काटेर जन्मोत्सव मनाएका थिए ।

पत्रकार धमलाले नेपालमा बलियुड अभिनेताको जन्मदिन मनाउन पाउदा निकै खुसी लागेको छ हामीले आफ्नो देश संगै हाम्रा छिमेकी देशका एक स्टार को वर्थे मनाएका छौ। नायक सलमान बलियुडको मात्र नभई नेपाल र नेपालीको लागि पनि एउटा स्टार हुन्। नेपालमा पनि उनको त्यतिकै फ्यान र दर्शक छन् ।

विइङ ह्युमन क्लोथिङ नेपालका संचालक सुरज केसीले संचारमाध्यम सङ्ग कुरा गर्दै नेपालमा विइङ ह्युमन क्लोथिङको स्थापनाकाल देखि नै नेपालमा व्यापार मात्र नभई सामाजिक कार्यमा त्यतिकै सक्रिय रहेको यहाँहरु लाई सर्वबिधितै छ ।

आज नायक खानको जन्मदिन मनाउन पाउदा निकै खुशी छु हाम्रो आतिथ्यता लाई मानेर नेपालका चर्चित कलाकार,पत्रकार र शुभेच्छुक ज्युहरु सम्पूर्णमा आभार व्यक्त गर्द्छु ॥निर्देशक केसीले भने आजको कार्यक्रम च्यारिटीको रुपमा गरेका छौं र यसबाट संकलित हुने रकम असहाय तथा अनाथ बालबालिकाको स्वास्थ्य र शिक्षामा सहयोग गरिने समेत जानकारी दिएका छन् ।

किङ्स् लाउन्जका संचालक कुमार गुरुङले हामीले नेपालको लाउन्जमा नयाँ ट्रेन स्थापना गरेका छौ । हामी कहाँ आउने पाहुनाको संतुष्टी नै हाम्रो लागि सबै भन्दा ठुलो कुरा हो । हामी कहाँ नेपालका भिभियापी पुर्व राजा देखि मन्त्री सम्म हाम्रा पाहुना हुनुहुन्छ हामी आज जहाँ छौ हाम्रो सेवा र कर्मले छौं । अभिनेता सलमान खानको विइङ ह्युमन क्लोथिङ नेपालको यो जन्मोत्सव कार्यक्रम गर्न पाउदा एकदम हर्सित छु र आगामी दिनमा यस्ता यस्ता कार्यक्रमलाई निरंतरता दिने धारणा व्यक्त गरेका थिए ।




जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस